# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १५७ | काठमाडौं | बिहीबार, १० असोज २०८१ | Prabhab National Daily | Thursday, September 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


चार दिनसम्म वर्षाको प्रक्षेपण

## ५६ जिल्ला उच्च जोखिममा

- बंगालको खाडीबाट प्रवाह भएको न्यूनचापीय प्रणालीको प्रभावका कारण मौसम बदली
- आजबाट देशभर लगातार चार दिन वर्षा हुने पूर्वानुमान
- तराईका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना

■ **प्रभाव संवाददाता**


**काठमाडौं–** मुख्य खाद्यन्नबाली धान पाक्ने समयमा देशका विभिन्न स्थानमा हावाहुरीसहित चार दिन लगातार वर्षा हुने भएको छ । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले यस्तो पूर्वानुमान गरेको हो ।

महाशाखाले बुधबार विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै मौसम बदलीका कारण आज (बिहीबार)बाट देशभर लगातार वर्षा हुने प्रक्षेपण गरेको छ । वर्षाबाट ५६ जिल्ला उच्च जोखिममा रहेको महाशाखाले जनाएको छ । बंगालको खाडीबाट प्रवाह भएको न्यूनचापीय प्रणालीको प्रभावका कारण मौसम बदली हुन लागेको हो ।

'असोज १० गते बिहीबार दिउँसोदेखि असोज १३ सम्म देशभर साधारणतयादेखि पूर्णतया बदली रही अधिकांश स्थानमा मेघ गर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरू तथा मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ,' महाशाखाले जारी गरेको विशेष बुलेटिनमा उल्लेख छ ।

अघिल्ला वर्षाहरूमा सुदूरपश्चिमका कञ्चनपुर र कैलालीसहित लुम्बिनीका अधिकांश जिल्लामा धानबालीमा ठूलो क्षति पुगेको थियो । वर्षाले बर्सेनि क्षति पुऱ्याउँदा पनि सरकारसँग भने कुनै पूर्वतयारी छैन । तराईका केही स्थानमा हावाहुरीको सम्भावना रहेको जनाइएको छ । साथै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा कोशी प्रदेश, बागमती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)



### 'रेड जोन'मा यी जिल्ला

जल तथा मौसम विज्ञान विभागले विभिन्न ५६ जिल्ला 'रेड जोन' अर्थात् भारी वर्ष हुने सूचीमा राखेको छ । विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले ती जिल्ला उच्च जोखिममा रहेको भन्दै विशेष बुलेटिनमार्फत सावधानी अपनाउन अनुरोध गरेको छ ।


**कोशी–** झापा, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुंगा, उदयपुर, भोजपुर, इलाम, पाँचथर, मोरङ
**मधेस–** सिरहा, सप्तरी, पर्सा
**बागमती–** मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप
**गण्डकी–** म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा, मनाङ
**लुम्बिनी–** रुकुमपूर्व, रोल्पा, गुल्मी, प्युठान, अर्घाखाँची, पाल्पा, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी पश्चिम, बाँके, बर्दिया
**कर्णाली–** जाजरकोट, रुकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान
**सुदूरपश्चिम–** डोटी, कैलाली, अछाम, मुगु र हुम्ला

महाशाखाले मुगु र हुम्लालाई निम्न जोखिमको सूचीमा राखेको छ । तप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, बारा, धनुषा, रौतहट, सर्लाही, महोत्तरी, दोलखा, मुस्ताङ, डोल्पा, कालिकोट, जुम्ला, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, दार्चुला, बैतडी मध्यम जोखिममा पर्ने महाशाखाले जनाएको छ ।

## दल नयाँ, रोग पुरानै

- नागरिक उन्मुक्ति पार्टी ८ असोज, लोकतान्त्रिक समाजवादी पार्टी १ असोज, जसपा नेपाल २३ वैशाखमा विभाजित
- नेकपा एकीकृत समाजवादी पनि विभाजनको डिलमा

■ **जेबी योञ्जन**



**काठमाडौं–** पश्चिम तराईमा गत आमनिर्वाचनबाट उदाएको दल नागरिक उन्मुक्ति पार्टी (नाउपा) विभाजित भएको छ । उपाध्यक्ष विजयकुमार यादवसहित २६ जना केन्द्रीय सदस्यले पार्टी परित्याग गरेको बुधबार घोषणा गरे । उनीहरू राजेन्द्र महतोले हालै घोषणा गरेको दल राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा समाहित हुने भएका छन् ।

पार्टीबाट अलग हुँदै गर्दा यादवसहितले जारी गरेको विज्ञप्तिमा पार्टी नेतृत्वमा व्यक्तिवादी चरित्र हावी भएको, सैद्धान्तिक विचलन देखिएकोजस्ता आरोप लगाएका छन् । तर, पार्टीका सांसद गंगाराम चौधरीले भने यादवसहितलाई पार्टी हितविपरीतको काम गरेकाले यसअघि नै हटाइसकेको बताए । 'हामीले उहाँलाई पार्टीबाट कारबाही गरेर हटाएको अस्ति नै हो । पार्टी हितविपरीत काम गर्नुभएको थियो । अहिले अलग भएर केही फरक पर्दैन,' उनले प्रभावसँग भने ।

प्रतिनिधिसभामा नाउपाको चार जना सांसद छन् । सुदूरपश्चिम प्रदेशमा सात जना सांसद रहेको नाउपाको प्रतिनिधित्व लुम्बिनी र मधेस प्रदेश संसद्मासमेत छ । मंगलबारमात्रै पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र संरक्षक रेशमलाल चौधरीले आपसमा गरेको कारबाही फुकुवा गर्दै यही असोजको १८ र १९ गते केन्द्रीय समिति बैठक आह्वान गरेका छन् । पार्टीलाई एकताबद्ध बनाएर लाने प्रतिबद्धता दुई नेताको छ । तर, यहीबेला यादवको नेतृत्वमा पार्टी विभाजन भयो ।



> पार्टी विभाजन गरेर कोही नेता अलग हुन्छ भने त्यहाँ अवसर नपाएर हो भन्ने बुझ्नुपर्छ अर्थात्, राजकीय अवसरका लागि लाखापाखा लागेको भन्नुपर्छ
>
> ■ **कृष्ण पोखरेल**
> **राजनीतिशास्त्री**

विभाजित भएका नेता यादवसहितको टिम छिट्टै महतोको दल राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गर्ने भएको छ । यादव नेतृत्वमा भएको विभाजनले नाउपालाई सांगठनिकरूपमा कत्तिको क्षति पुऱ्याउँछ ? अहिल्यै भन्न सकिँदैन । तर, विभाजनको असर धेरथोर पर्ने देखिएको छ ।

महतो पनि महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट हालै अलग भएका नेता हुन् । उनले दल घोषणा गरेको यही १ असोजमा हो । राष्ट्रिय मुक्ति क्रान्ति गर्न लोसपा अध्यक्ष ठाकुर तयार नभएपछि अलग हुनुपरेको बताएका थिए । एकताका मधेसबाट राष्ट्रिय राजनीतिमा प्रभावशाली देखिएका महतोले मुक्ति क्रान्तिका नाममा सानो समूहको नेतृत्व गर्दै आएका छन् । उनले एउटा समूह लिएर अलग भएपछि उता लोसपा झनै कमजोर भएको छ । प्रतिनिधिसभामा चार सिट रहेको यो दलको मधेस संसद् र लुम्बिनी प्रदेश संसद्मा पनि प्रतिनिधित्व छ ।

पार्टी अध्यक्ष ठाकुर राष्ट्रिय राजनीतिमा मधेसबाट प्रतिनिधित्व गर्ने शीर्ष र ज्येष्ठ नेता हुन् । तर, पार्टी विभाजनपछि सांगठनिकरूपमा कमजोर स्थितिमा पुगेको अवस्था छ । लोसपा नेता केशव झाले महतो नेतृत्वको दललाई मधेसी जनताको वैधानिकता नरहेको दाबी गरे । आगामी चुनावमा महतो र उनको दललाई मधेसी जनताले स्वीकार्ने स्थितिसमेत नहुने उनको भनाइ छ । 'मधेसमा कत्तिको संगठन बनाउन सक्छन् ? हामी हेर्दै छौं,' उनले भने, 'कसैले उचालेर पार्टी फुटाएको हो । हुनेवाला केही छैन । होइन भने अर्को चुनाव कुरौं ।'

मधेस प्रदेशबाट गत चुनावमा वैकल्पिक शक्तिको रूपमा उदाएको दल जनमत पार्टीबाट पनि नेताहरू अलगथलग भइरहेका छन् । कतिपयलाई त पार्टी अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतले कारबाही गरेर पदमुक्त गरेका छन् । केहीलाई निलम्बन गरे । मंगलबारमात्रै जनमतले चार जना केन्द्रीय सदस्यसहित नौ जनालाई जनमतले स्पष्टीकरण सोध्यो ।

५ असोजमा महोत्तरीको जलेश्वरमा भएको पार्टीको प्रशिक्षण तथा शुभकामना आदानप्रदान कार्यक्रममा होहल्ला गरी कार्यक्रम बिथोलेको र भाँडभैलो गरेको आरोपमा उनीहरूलाई स्पष्टीकरण मागेको उपाध्यक्षसमेत रहेका पार्टी अनुशासन समिति प्रमुख दीपककुमार साहले बताए ।

स्पष्टीकरण मागिने केन्द्रीय सदस्यहरू दीपेन्द्र मधेसी, कोमल यादव, इन्द्रप्रसाद सिंह र सुरेश ठाकुर रहेका छन् । त्यस्तै जलेश्वर नगरपालिका समितिका सचिव सञ्जित यादव र साधारण सदस्यहरू सन्तोषकुमार यादव, सिंहेश्वर मण्डल र रामजीवन साहसँग पनि रहेका छन् । उनीहरूलाई साधारण सदस्यसमेत नरहनेगरी किन कारबाही हुनु नपर्ने हो भन्नेबारे सात दिनभित्र स्पष्टीकरण दिन भनिएको छ ।

यसरी दल विभाजन हुने नाउपा, लोसपा र जनमतमात्रै भने होइनन् । पछिल्लो चार वर्षमा जसपा नेपाल तीनपटक फुट्यो । गत २३ वैशाखमा संघीय परिषद् अध्यक्ष अशोककुमार राई नेतृत्वमा जसपा नेपाल फुटेको हो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## रोजगारीका लागि भदौमा ५७ हजारभन्दा बढी विदेशिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो महिना अर्थात् भदौमा वैदेशिक रोजगारीका लागि ५७ हजारभन्दा बढी नेपाली श्रमिक विदेशिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार भदौ महिनामा ५७ हजार ४९३ जना नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् । विभागको तथ्यांकअनुसार भदौमा विदेशिने नेपालीहरूको संख्या गत साउन महिनाको भन्दा दुई हजारले कमी भएको छ । साउनमा ५९ हजार ५७५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

विभागको तथ्यांकअनुसार नेपाली युवाहरू ९५ वटा मुलुकमा श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । गत आवको अन्तिमसम्म पहिलो गन्तव्यको रूपमा रहेको संयुक्त अरब इमिरेट्स (युएई)ले चालु आवको सुरुआती महिनादेखि नै पहिलो स्थान ओगटेको छ । विभागको तथ्यांकअनुसार युएईमा जानका लागि भदौमा १८ हजार ६०५ जनाले श्रम स्वीकृति लिएका छन् ।

यस्तै भदौ महिनामा रोजगारीका लागि कतार जान ११ हजार २९१ जनाले श्रम स्वीकृति लिएका छन् । संख्याको हिसाबमा कतार दोस्रो स्थानमा परेको छ । त्यसैगरी तेस्रो स्थानमा परेको साउदी अरेबियामा १० हजार ८३५ जना श्रमिकले श्रम स्वीकृति लिएर रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । गत आवदेखि नै साउदी र कतार जाने नेपालीको संख्या हाराहारीमा रहेको विभागको तथ्यांकले देखाएको छ । यस्तै चौथो गन्तव्यमा कुवेत रहेको छ । कुवेतका लागि चार हजार २१५ जना रोजगारीका लागि पुगेका छन् । यस्तै युरोपेली मुलुक रोमानिया पाँचौं स्थानमा परेको छ । जहाँ एक हजार ८८८ जना गएका छन् ।




यसैगरी नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा रहेको मलेसियामा भने नगन्य मात्रामा श्रमिकले श्रम स्वीकृति लिएका छन् । मलेसिया सरकारले गत मे अन्तिमबाट विदेशी कामदार लिन बन्देज गरेसँगै त्यहाँ जाने नेपालीको संख्या भदौमा एक हजार १९३ जनामात्रै रहेको छ । यद्यपि, विभागको तथ्यांकलाई हेर्दा उल्लिखित मुलुकहरूले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत बढी) ओगटेको देखिन्छ । यसैगरी जापान एक हजार ४५६, बहराइन ९६०, मोरिसस ८२२, माल्दिभ्स जान ७३८, क्रोएसिया ७०९, साइप्रस ६१२, ओमान जान ५०२ र जोर्डनका लागि ३३८ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै भदौ महिनामा इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार १०६ मात्रै रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १७ हजार ९३६ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३९ हजार ५५७ जना रहेका छन् । चालु आवको दोस्रो महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ७२३ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । चालु आव सुरु भएसँगै वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या घटेको विभागको तथ्यांकले देखाएको छ ।

### धेरै श्रमिक गएका १० मुलुक

| | |
|---|---|
| युएई | १८,६०५ |
| कतार | ११,२९१ |
| साउदी | १०,८३५ |
| कुवेत | ४,२१५ |
| रोमानिया | १,८८८ |
| जापान | १,४५६ |
| मलेसिया | १,१९३ |
| कोरिया | १,१०६ |
| बहराइन | ९६० |
| मौरिसस | ८२२ |

यसरी श्रम स्वीकृति लिएर जानेहरूमा उच्च दक्षता भएकादेखि अदक्ष श्रमिक रहेको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । भदौ महिनामा उच्च दक्षता हासिल गरेका ५५ जना र पेसागत दक्षता भएका ३०९ जना नेपालीहरू श्रम स्वीकृति लिएर रोजगारीको लागि विभिन्न मुलुकमा पुगेका छन् । वैदेशिक रोजगारीको क्रममा सबैभन्दा बढी दक्ष कामदार गएको विभागले जनाएको छ । यो संख्या ३७ हजार ७८३ रहेको छ । यस्तै अर्धदक्ष श्रमिकका रूपमा छ हजार १७५ जना बाहिरिएका छन् भने १३ हजार १७१ अदक्ष श्रमिक भदौ महिनामा विदेशिएका छन् ।




# निष्पक्ष अनुसन्धानमा सहयोग गर्न आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले विगत केही दिनदेखि देशमा विकसित विभिन्न घटनाक्रम र त्यसबाट शान्ति सुरक्षा एवं मानवअधिकारको संरक्षणमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा कसैले पनि घृणायुक्त अभिव्यक्ति नदिन तथा कानुनको सम्मान गर्दै अनुसन्धान प्रक्रियामा सहयोग गर्नसमेत सम्बन्धित सबै पक्षलाई आग्रह गरिएको छ । 'कानुनको कार्यान्वयनमा पूर्वाग्रह भएको, दूराशय राखी पक्राउ गरिएको, पक्राउ गरिएका व्यक्तिप्रति मानवोचित व्यवहार नभएको र स्वास्थ्य उपचारमा पूर्वाग्रही भएकोजस्ता सूचनाहरू आयोगमा प्राप्त भएका छन्,' विज्ञप्तिमा भनिएको छ, 'प्राप्त सबै सूचनाको आयोगले अनुगमन गरिरहेको छ, पक्राउ र आरोपको पक्षविपक्षमा भएका गतिविधिबाट नागरिकको मानवअधिकार संरक्षण र शान्तिसुरक्षामा प्रभाव परिरहेको देखिएको छ ।'

फौजदारी कसुरमा छानबिन तथा अनुसन्धान गर्ने सन्दर्भमा राज्यकोतर्फबाट हुनसक्ने पूर्वाग्रहपूर्ण व्यवहार र आरोपीकोतर्फबाट प्रचलित कानुनी विधि र प्रक्रियाविपरीत व्यक्त हुने घृणायुक्त अभिव्यक्तिबाट यस प्रकारको अवस्था नआओस् भन्नेतर्फ सबै सचेत रहन आवश्यक भएको आयोगले जनाएको छ । फौजदारी मुद्दामा निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान हुनसकेमात्र देशमा मानवअधिकार र कानुनी शासनको स्थापना हुन्छ भन्ने कुरामा विवाद हुन नसक्ने आयोगको भनाइ छ ।

आपराधिक घटनाको अनुसन्धानलाई प्रभाव पार्नेगरी कुनै पनि गतिविधि नगर्न नगराउन, नियन्त्रणमा लिएका अभियुक्तको स्वास्थ्योपचारमा विनाभेदभाव चिकित्सकीय जिम्मेवारी र कर्तव्य निर्वाह गर्न, आपराधिक घटनाको सूक्ष्म र वैज्ञानिक अनुसन्धानमा जोड दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

# 'विपद् व्यवस्थापन उच्च प्राथमिकतामा'

**ललितपुर (प्रस)–** ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले विपद् व्यवस्थापनलाई सम्बोधन गर्न नसके स्मार्ट सिटी हुन नसक्ने बताएका छन् । ललितपुर महानगरपालिकाको विपद् व्यवस्थापन शाखाद्वारा बुधबार आयोजित आगलागी नियन्त्रण सचेतना अभियान शुभारम्भ गर्दै उनले स्मार्ट सिटी हुनका लागि विपद् व्यवस्थापनका काम चुस्त राख्नुपर्ने बताए । उनले फिलिपिन्सबाट अग्नि नियन्त्रक बोलाएर नगर प्रहरीलाई तालिम दिएको जानकारी गराए ।

उनले भने, 'विश्वमै विपद् व्यवस्थापनमा जापान पहिलो हो, त्यसपछि फिलिपिन्स छ, हामीले फिलिपिन्सबाट अग्निनियन्त्रकलाई बोलाएर तालिम दिएर सक्षम बनाएका छौं, विपद् प्रतिकार्यमा नेपालका नगरपालिकामध्ये नम्बर एकमा कायम रहन चाहन्छौं ।' उनले विपद्को चार मिनेटभित्रै घटनास्थलमा दमकलसम्बन्धी साधन पुग्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय विपद्को मान्यतालाई कायम राख्दै काम गर्छौं भन्ने प्रतिबद्धता जनाए । उनले भने, 'विपद्का सबै कार्य एउटै छानामुनि हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । तसर्थ पुल्चोकको जुद्धवारुण यन्त्रसँगै दमकल, एम्बुलेन्स, बहानलगायतका सामग्रीको व्यवस्थापन गरिएको छ ।'

उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले जनताको जीउधनको सुरक्षा महानगरको मुख्य जिम्मेवारी रहेको भन्दै समयमा विपद् व्यवस्थापन गर्न नसक्दा जनधनको धेरै क्षति हुने जानकारी गराइन् । उनले भनिन्, 'सानो गल्तीले हुने हानि र अग्निको व्यवस्थापन गर्न नसक्दा धेरै क्षति हुन्छ, अरुबाट पाठ सिकेर त्यही खालका गल्ती नदोहोरियोस् भनेर सचेतना अभियान थालेको हो ।'

प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले आगलागीबाट हुने घटनाबाट जोगिन हरप्रहर सचेत रहन र घटना घट्नासाथ विपद् व्यवस्थापनका लागि सूचना प्रवाह गरेर नियन्त्रणमा लिएर क्षति हुनबाट बचाउन लागिपर्ने जानकारी गराए ।

## पृष्ठ १ बाट क्रमशः

### ५६ जिल्ला...

आज दिउँसोदेखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा मधेस प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटचाङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ । साथै देशका तराई भू-भागका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना रहेको छ ।

शुक्रबार देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका थोरै मेघ गर्जन/चटचाङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ । साथै देशका तराई भू-भागका केही स्थानहरूमा हावाहुरीकोसमेत सम्भावना रहेको जनाइएको छ ।

साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटचाङसहित अति भारी वर्षाकोसमेत सम्भावना रहेको जनाइएको छ ।

शनिबार देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरू हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरू र बाँकी प्रदेशका थोरै स्थानहरूमा मेघ गर्जन/चटचाङसहित भारीदेखि धेरै भारी वर्षाकोसमेत सम्भावना महाशाखाको पूर्वानुमान छ । साथै देशका लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

असोज १३ गते (आइतबार) देशभर आंशिकदेखि साधारणतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटचाङसहित भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यस प्रणालीको प्रभावले विशेषगरी वर्षाको कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको जनाइएको छ ।

महाशाखाले ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेको छ । बालीनालीमा क्षति गर्ने भएकाले विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ ।

•••

### दल नयाँ...

त्यसअघि डा. बाबुराम भट्टराईको नेतृत्वमा २०७९ मा एउटा समूह जसपा नेपालबाट अलग भयो । नेता महन्थ ठाकुरलगायत नेताहरू जसपाबाट २०७८ सालमै अलग भएका थिए ।

संसद्मा रहेका मझौला आकारका दलमा पनि बारम्बार विभाजन देखिएको छ । हाल संसद्मा १० सिट रहेको दल नेकपा एकीकृत समाजवादी पनि फुटको संघारमा छ । स्रोतका अनुसार एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली स्वदेश फर्किएपछि राजनीतिक दल विभाजन सहज हुनेगरी अध्यादेश ल्याउने सम्भावना छ । उनलाई नेतृ रामकुमारी झाँक्री, नेताहरू केशवलाल श्रेष्ठ, डा. विजय पौडेल, जीवनराम श्रेष्ठ, सांसदहरू प्रेमबहादुर आले, धनबहादुर बुढा, अम्बरबहादुर थापा र कृष्णकुमार श्रेष्ठले पर्खिरहेका छन् ।

हुन पनि यी नेताहरूको पछिल्ला अभिव्यक्तिले एमालेसँग मिल्नेतिर उनीहरू उन्मुख हुने देखिएको छ । संसद्मा साना तथा मझौला दलहरू एकपछि अर्को फुटिरहेका छन् । केही फुट्ने क्रममा छन् । जबकि, ठूला दलहरू कांग्रेस, एमाले र नेकपा माओवादी केन्द्र केही वर्षयता फुटेका छैनन् । झनै एकताबद्ध भइरहेका छन् ।

राजनीतिशास्त्री प्राध्यापक कृष्ण पोखरेल साना दलमा राजकीय अवसर कम पाउने र अवसरवादी नेता कार्यकर्ताले घरिघरी पार्टी फुटाउने गरेको बताउँछन् । 'पार्टी विभाजन गरेर कोही नेता अलग हुन्छ भने त्यहाँ अवसर नपाएर हो भन्ने बुझ्नुपर्छ अर्थात्, राजकीय अवसरका लागि लाखापाखा लागेको भन्नुपर्छ,' उनले प्रभावसँग भने । राजनीतिशास्त्री पोखरेल अवसरबाहेक नेतृत्वमा देखिएको सैद्धान्तिक विचलन, अवसरको असमान वितरण, अलोकतान्त्रिक प्रवृत्तिलगायत कारकले पनि पार्टी विभाजनका लागि नेता कार्यकर्तालाई उत्प्रेरित गर्ने गरेको बताउँछन् ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १५४ असोज ०७ गते २०८१ मा प्रकाशित Yovant Recruitment Services Pvt. Ltd को Lot No. 294811 को IMDAAD L.L.C. कम्पनीको विज्ञापनमा Life Guard **को मासिक तलब ने.रु. ५८,८७५** (AED 1625) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Yovant Recruitment Services PVT. LTD.)
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०६।०८ गते काठमाडौं जिल्ला, शान्तिनगर, प्रग्यामार्ग वडा नं.३१, घरमा पार्किङ गरी राखेको कालो, रातो रङ्को 150 CC Pulsar मोटरसाइकल, साँझको अन्दाजी ७:४५ बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम :** सुदिप नेपाल
**स्कुटर नं.:** बा.प्र. ०३-०५० प ६१०३
**च्यासिस नं.:** MD2A11CX3RPB55692
**इन्जिन नं. :** DHXPRB71322
**ठेगानाः** शान्तिनगर, प्रग्याग्मार्ग, सोल क्याफे
**सम्पर्कः** ९८४११५१२१७

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०६/१०**

यस कम्पनीको मिति २०८१/०६/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.डी.एफ.सी. फ्रुट सेन्टर प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बि.टि. मल्टिपर्पोज प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०६/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.टि. मल्टिपर्पोज प्रा.लि.**(प्रा.लि.नं.३१३२८३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**युएइमा रोजगार** कम्पनीः EVERST STAR CLEANING SERVICES FZE शहरः UAE,SHARJAH

पूर्व स्वीकृत मिति : २०८१/०६/०९ LT. No. 311265 चलानी नं ६०२२५७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabrication Helper | 5 | 0 | 1500 | ५४,६५३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female Cleaner | 0 | 40 | 900 | ३२,९९२ | | | | | | | |
| 3 | General Mason | 5 | 0 | 1200 | ४३,७२३ | | | | | | | |
| 4 | Male Cleaner | 30 | 0 | 900 | ३२,९९२ | | | | | | | |
| 5 | Rope Access Cleaner | 10 | 0 | 1500 | ५४,६५३ | | | | | | | |
| 6 | Sand Blaster | 5 | 0 | 1500 | ५४,६५३ | | | | | | | |
| 7 | Shuttering Carpenter | 5 | 0 | 1200 | ४३,७२३ | | | | | | | |
| 8 | Steel Fixer | 5 | 0 | 1200 | ४३,७२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १७ गते (3rd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1628/073/074
SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Basundhara chauki, Kathmandu, Nepal, Tel: 4110567, Mobile: 9857033536 | 9745711824 | 9851166641 9818924747 | 9708293539 | 9868754762 | 9811951700
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

**रोमानियामा रोजगार** कम्पनी : CRESTEM VALORI SRL

पूर्व स्वीकृति मितिः २०८०/०२/०७ पुन विज्ञापन स्वीकृति मितिः २०८१/०६/०९ LT. No. 286289 चलानी नं. ६०२०१७८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 10 | 550 | ७३,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook Helper | 5 | 0 | 550 | ७३,२३५ | | | | | | | |
| 3 | Factory Worker | 5 | 0 | 550 | ७३,२३५ | | | | | | | |
| 4 | General Worker | 9 | 6 | 550 | ७३,२३५ | | | | | | | |
| 5 | Shuttering Carpenters | 3 | 0 | 650 | ८६,६५५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 550 | ७३,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १७ गते (3rd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ७०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SARA RECRUITING SOLUTION PVT LTD श्रम ईजाजत नं. १५९७/०७९/८०
Sanovaryang, Kathamndu, Nepal, Phone No. 014950096, 9801694844, E-mail : sararecruiting2023@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Abdul Wahed Sports Center

पूर्व स्वीकृति मिति : २०८१/०६/04 LT. No. 311102 चलानी नं. ६०२२५७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fitness Instructor | 1 | 0 | 3000 | १०६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Life Guards/ Swimming Pool | 2 | 0 | 3500 | १२४,१४० | | | | | | | |
| 3 | Office And Facilities Cleaning Worker | 2 | 0 | 1500 | ५३,२०५ | | | | | | | |
| 4 | Sports Coach | 3 | 0 | 3000 | १०६,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

A.S. INTERNATIONAL GROUP PVT.LTD. Govt. License No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: +977-1-5901381, 5900381, E-mail : asintldemand@gmail.com
Web: www.asgroupnepal.com

**साउदीमा रोजगार** कम्पनी : ALI A. TAMIMI.CO

पूर्व स्वीकृति मिति २०८१/०५/२६ LT. No. 310543 चलानी नं. ६०२२५१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 3 | 0 | 1300 | ४६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १७ गते (3rd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

**साउदीमा रोजगार** कम्पनी : Company Kub al-Hurriyyah For Trading

पूर्व स्वीकृति मिति २०८१/०६/०८ LT. No. 311135 चलानी नं. ६०२२५७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee/Tea Maker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १७ गते (3rd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DIKSHYA OVERSEAS PVT. LTD. Gov Lic No: 1691/080/081
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, 9849999020, Email: chiranjivee@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, १० असोज, २०८१

| | |
|---|---|
| मेष | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| वृष | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| मिथुन | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| कर्कट | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| सिंह | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कन्या | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| तुला | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| वृश्चिक | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| मकर | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| कुम्भ | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| मीन | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० असोज, २०८१ (२६ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

# सम्पादकीय

## धानबाली जोगाउने उपाय खोजौं

नेपालको प्रमुख खाद्यबाली हो, धान । भन्ने नै हो भने सबै नेपालीको भान्सा धान्ने धान नै हो । कृषिप्रधान देशको नाम जपेर नेता तथा कर्मचारीले बर्सेनि विभिन्न योजना बनाए पनि धानबाली उत्पादन भने भगवान् भरोसामा चल्दै आएको छ ।

विज्ञान प्रविधिको युग आएको धेरै भइसक्यो । तर, नेपालको धानबाली लाउँदा सिँचाइ नभएर आकाशेपानीको भर पर्नुपर्छ । बेलामा वर्षा नहुँदा धान रोप्नै मुस्किल हुन्छ । जब धान पाक्नै लाग्दा धानमा भारी वर्षा हुन्छ । यसले वर्षभरि खानपुग्ने धानबाली सखाप हुन्छ ।

वर्षौंदेखि नेपाली किसानले भोग्दै आएको समस्या हो । तर, नेपालमा यससम्बन्धी पूर्वतयारी छ न त कुनै सुरक्षाको उपाय नै । जसका कारण खेतीतर्फ किसानको वितृष्णा बढ्दो छ । जनता धनी भए सरकार धनी हुने हो । सरकारलाई जनताको किसानको पीरमर्का बुझ्ने समय नै देखिँदैन । बरु धान खेतीका लागि चाहिने रासायनिक मल किनबेचमा राजनीतिक नेताहरूको बिचौलियासँग मिलेमतो हुन्छ । जसकारण आवश्यक समयमा मल उपलब्ध नहुँदा किसानले अर्को मार खेपिरहेका छन् ।

मौसम विभागले हालैका चार दिन देशभरका ५६ जिल्लामा भारी वर्ष हुनसक्ने पूर्वानुमान गरेको छ । जुन जिल्लामा अहिले धान पाक्ने क्रममा छ । धानमा फूल खेल्ने बेला यही हो । हावाहुरी र भारी वर्षा भए धान उत्पादनमा ठूलो असर पर्छ । अति हावाहुरी र अति भारी वर्षाले धानखेती नै डुबानमा परेको अघिल्ला वर्षहरूमा भोग्दै आएकै हो ।

कञ्चनपुर, कैलालीमा २०७८ को कात्तिकमा वर्षअघि ठूलो नोक्सानी भएको थियो भने लुम्बिनी प्रदेशका ४२ हजार हेक्टर जमिनमा लगाइएको धानमा क्षति पुगेका थियो । पीडित किसानलाई क्षतिपूर्ति दिन सरकारले समितिसमेत गठन गरेको थियो । क्षति भइसकेर क्षतिपूर्ति दिनु एउटा कुरा रह्यो । तर, यसको पूर्वतयारीस्वरूप विकसित देशहरूले किसानका लागि बिमा कार्यक्रमहरू ल्याएका छन् । त्यसैगरी चीन तथा अमेरिकाले क्लाउड सिडिङमार्फत आकाश नै सफा गरिदिने कार्यसमेत गर्न थालेका छन् ।

मुख्य खाद्यबाली नै नष्ट हुनेगरी यस किसिमको प्रकोपलाई नेपालीहरूले अनिष्ट भन्ने गरेका छन् । यस्तो अनिष्ट परेपछि अनिकाल भोग्ने नेपाली परम्परा अहिले वैदेशिक रोजगारीले टारिदिएको छ । तर, वैदेशिक रोजगारीकै लगानीमा फल्न लागेको धानबाली हुरी र वर्षाले नष्ट हुँदा देशकै लागि ठूलो क्षति हो । त्यसैले धानबाली नष्ट हुने नियतको रोकथामका लागि राज्यले लगानी गरोस् ।

## मनन्योग्य

### चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे । शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए। अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । • भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । क्रमशः

# लगानी विविधीकरण कोषको मुख्य 'एजेन्डा'



वित्तीय क्षेत्रमा लामो अनुभव सम्हालेका पर्वतकुमार कार्की नेपाल राष्ट्र बैंकमा ३० वर्ष सेवा पूरा गरी कार्यकारी निर्देशकबाट सेवा निवृत्त भएका हुन् । राष्ट्र बैंकबाट सेवा निवृत्त भएपश्चात् कार्कीले साविकको ग्रामीण विकास बैंकको प्रमुख कार्यकारी अधिकृतका रूपमा चार वर्ष र कोषमा आउनुअघि किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्य गरेका थिए । प्रस्तुत छ, कोषका कार्यकारी निर्देशक कार्कीसँग *रासस*का आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीको सम्पादित अंशः

**पर्वतकुमार कार्की**
**कार्यकारी निर्देशक, नागरिक लगानी कोष**

> कोषको हिसाबकिताबलाई चुस्तदुरुस्त राख्न अटोमेसनलाई कोषले विशेष प्राथमिकतामा राखेको छ । कोषको काम कारबाहीलाई बढीभन्दा बढी यान्त्रिकीकरण गर्न कोषले डिजिटलाइजेसनलाई विशेष महत्त्वका साथ अघि बढाएको छ । यसबाट क्रमिक रूपमा कागजरहित सेवा बढाउँदै लान मद्दत मिल्ने छ ।

> कोषसामु लगानीलाई थप विविधीकरण गर्नुपर्ने चुनौतीहरु रहेका छन् । हाल औसतमा ५२ प्रतिशत जति रकम मुद्दती निक्षेपमा रहेको छ । यसलाई विविधीकरण गर्नेतर्फ कोषले योजना बनाइ कार्य अघि बढाएको छ । खासगरी सरकारी पूर्वाधार निर्माणको क्षेत्रमा लगानी बढाउन आवश्यक नीतिगत सुधारका लागि कार्य भइरहेको छ ।

> कोषले सहभागीहरूको अवकाश जीवनलाई सहज बनाउन वित्तीय स्रोतका लागि विभिन्न अवकाश योजनाहरु सञ्चालनमा ल्याएको छ । सरकारी, गैरसरकारी संघसंस्थामा कार्यरत धेरैजसो कर्मचारीहरूले कोषको योजनामा सहभागिता जनाइसक्नुभएको छ ।

> कोषप्रति विश्वास गर्न र कोषका विभिन्न योजना कार्यक्रमहरुमा सहभागी हुन सबैलाई आग्रह गर्न चाहन्छु । राष्ट्रसेवक कर्मचारीहरु तथा अन्य संघसंस्थाका कर्मचारीहरूका लागि सञ्चालन गरिएका कार्यक्रमहरूका अतिरिक्त आम नेपाली नागरिक विशेषतः वैदेशिक रोजगारीमा जानुभएका दाजुभाइ दिदीबहिनीहरूलाई समेत लक्षित गरेर कोषले नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ ।

### कोषले २९औं वार्षिक साधारणसभा केही समयअघि सम्पन्न गरेको छ । साधारणसभाले के सन्देश दिएको छ ?

कोषले हालका वर्षमा साधारणसभा नियमितरूपमा गर्दै आइरहेको छ । आर्थिक वर्ष २०७९/८० को वार्षिक साधारणसभा असार मसान्तभित्रै सम्पन्न गरेको छ । यो कोषको २९औं साधारणसभा हो । साधारणसभाले १४ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.७३६८ प्रतिशत नगद लाभांश पारित गरेको छ । कोषको ३३ वर्षको इतिहास सन्तोषजनक रहेको छ । कोषले नियमितरूपमा आफ्ना सेयरधनीहरूलाई उचित प्रतिफल दिँदै आएको छ । एक करोड ४४ लाखको चुक्ता पुँजीबाट स्थापना भएको कोषको पुँजीमा धेरै ठूलो वृद्धि भएको छ । कोषले आव २०७९/८० वितरण गरेको बोनस सेयरपश्चात् कोषको चुक्ता पुँजी छ अर्ब पाँच करोड रूपैयाँ पुगेको छ ।

### अहिले कोषले के कस्ता योजनाहरु सञ्चालन गरिरहेको छ ?

कोषले अवकाश कोष व्यवस्थापन तथा सामाजिक सुरक्षाका सम्बन्धमा विगतदेखि नै काम गर्दै आइरहेको छ । कोषले सञ्चालन गरेका कार्यक्रमरुमा कर्मचारी बचत वृद्धि अवकाश कोष, नागरिक पेन्सन योजना, उपदान कोष, लगानीकर्ता हिसाब योजना, बिमा कोषलगायतका योजना रहेका छन् । कोषले साना तथा मझौलास्तरका बचतकर्ताहरूको बचत परिचालन गरी अधिकतम प्रतिफलको अवसर प्रदान गर्ने उद्देश्यका साथ कर्मचारी बचत वृद्धिलगायतका योजना सञ्चालन गरेको छ भने सार्वजनिक संस्थान र अन्य संगठित संघसंस्थालाई आफ्नो दीर्घकालीन दायित्व व्यवस्थापनका लागि क्रमिकरूपमा कोषमा रकम जम्मा गर्न प्रोत्साहित गर्ने, सरकारी क्षेत्रका साथै अन्य क्षेत्रमासमेत सामाजिक सुरक्षा प्रदान गर्नेलगायतका कार्य गर्दै आइरहेको छ । यसका अतिरिक्त आमनेपाली नागरिकलाई समेट्नेगरी नागरिक पेन्सन योजनासमेत सञ्चालनमा ल्याएको छ । साथै, पुँजीबजारको विकासमा सघाउ पुग्नेगरी पुँजीबजारसम्बन्धी विभिन्न गतिविधिहरूमासमेत कोष संलग्न रहेको छ ।

### सहभागीलाई दिने सेवालाई कसरी चुस्त राख्नुभएको छ ?

कोषले आफ्नो सेवालाई प्रभावकारी बनाउन यान्त्रिकीकरणमा विशेष जोड दिएको छ । कोषको हिसाबकिताबलाई चुस्तदुरुस्त राख्न अटोमेसनलाई कोषले विशेष प्राथमिकतामा राखेको छ । कोषको काम कारबाहीलाई बढीभन्दा बढी यान्त्रिकीकरण गर्न कोषले डिजिटलाइजेसनलाई विशेष महत्त्वका साथ अघि बढाएको छ । यसबाट क्रमिक रूपमा कागजरहित सेवा बढाउँदै लान मद्दत मिल्ने छ । हालै सेवाग्राहीलाई अनलाइन पेमेन्ट तथा सूचना लिने सुविधाका लागि कोषले सिआइटी स्मार्ट मोबाइल एप विकास गरी कार्यान्वयनमा ल्याएको छ । यो एप डाउनलोड गरेर सेवाग्राहीले विभिन्न किसिमका सेवा र सुविधा लिन सक्ने छन् । सेवाग्राहीबाट संकलन हुने रकमलाई सरकारको केन्द्रीय लेखा प्रणाली, स्थानीय निकायहरूलाई समेटेर बनाएको प्रणालीको माध्यमबाट रकम जम्मा गर्ने पूर्वाधार विकास गरिएको छ । सहभागीलाई ऋणको किस्ता भुक्तानीलगायतका सेवा अनलाइनबाट उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याउन प्राथमिकताका साथ कार्य भइरहेको छ । सहभागीहरूलाई डिजिटल परिचयपत्र दिनेतर्फसमेत कोषले कार्य गरिरहेको छ ।

### कोषले कुन क्षेत्रमा कति लगानी गरिरहेको छ ?

गत आवको असार मसान्तसम्म कोषमा २४९ अर्ब रूपैयाँ कोष मौज्दात जम्मा भएको छ । सो समयमा कोषको लगानी २४३ अर्ब रूपैयाँ रहेको छ । त्यसमध्ये करिब ५३ प्रतिशत रकम वाणिज्य बैंकहरूको मुद्दती निक्षेपमा लगानीमा रहेको छ । करिब २२ प्रतिशत सहभागी कर्जाका रूपमा लगानी छ भने संस्थागततर्फ कोषको कर्जाको अंश करिब ११ प्रतिशत रहेको छ । सरकारी ऋणपत्र, संगठित संस्थाको सेयर धितोपत्र र बण्डलगायतमा कोषले करिब १३ प्रतिशत लगानी गरेको छ । यसका अतिरिक्त कोषले पुँजीबजारतर्फ दोस्रो बजारमा पनि नियमितरूपमा लगानी गरिरहेको छ । लगानीको तथ्यांक हेर्दा कोषको लगानी अझै पनि निक्षेपतर्फ बढी देखिन्छ । यसलाई विविधीकरण गर्न कोष विशेषरूपमा प्रयत्नशील रहेको छ ।

### कोषले आमनागरिकलाई कसरी समेटिरहेको छ ?

कोषका योजनाहरूमध्ये धेरैजसो योजनहरू राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्थामा कार्यरत कर्मचारी लक्षित रहेका हुँदा आमनागरिकलाई समेत समेट्नेगरी कोषले विगत केही वर्षदेखि नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ । यस योजनामा मुलुकभर बस्ने दूरदराज, गाउँठाउँका नागरिकलाईसमेत समेट्ने लक्ष्यसहित योजना सञ्चालनमा ल्याइएको हो । यसका अतिरिक्त विदेशमा रहेका, वैदेशिक रोजगारीमा जाने नेपाली दाजुभाइ, दिदीबहिनीलाई पनि उहाँहरूले कमाएको केही पैसा अवकाशकालमा सदुपयोग होस् भनी त्यस्ता वर्गलाई कोषमा समाहित गर्ने लक्ष्यसमेत नागरिक पेन्सन योजनामा रहेको छ ।

यस योजनामा न्यूनतम ५०० रूपैयाँ मासिक बुझाएर कार्यक्रममा सहभागी हुनसक्ने व्यवस्था रहेको छ । उहाँहरूले सक्रिय जीवनमा कमाएर यस योजनामा जम्मा गरेको रकम बचतकर्ताको उमेर ६० वर्ष पूरा भएपछि १५ वर्ष योगदान गरेको अवस्थामा वा बचत कर्ताको १५ वर्ष बचत नगर्दै ६० वर्ष उमेर पूरा भएमा उहाँहरूको इच्छाअनुसार मासिक पेन्सनका रूपमा उपलब्ध गराउने वा एकमुष्ट रकम भुक्तानी दिने व्यवस्था कोषले मिलाएको छ । यो योजनालाई प्रभावकारी बनाउन चालु आवको सुरुआतदेखि नै स्थानीय निकायसँग समेत समन्वय गरेर आमनागरिकलाई कार्यक्रममा समावेश गर्ने सोचाइ राखेका छौं । यसैगरी, वैदेशिक रोजगारमा रहनुभएका र वैदेशिक रोजगारमा जानुहुने नेपाली नागरिकलाई यस कार्यक्रममा आकर्षित गर्न प्रचारप्रसार गर्ने, उहाँहरूसँग अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना बनाइएको छ । सबै नेपालीहरूले सहभागिता जनाउन सक्ने कोषले सञ्चालन गरेको अर्को कार्यक्रम नागरिक एकांक योजना पनि हो ।

### लगानी कोष, सञ्चय कोष र सामाजिक सुरक्षा कोषजस्ता फरक-फरक संस्था आवश्यक थियो र ?

यी संस्थाहरूको कतिपय कार्य समान प्रकृतिका भए पनि यी संस्थाहरू भिन्न समयमा भिन्न उद्देश्यका साथ स्थापना भएका हुन् । यी संस्थाहरूले हाल सञ्चालन गर्दै आएका केही कार्यहरू मिल्दाजुल्दा प्रकृतिका छन् । पछिल्लो समय कतिपय प्रसंगमा यी संस्थाहरूलाई गाभेर एउटै संस्था बनाउँदा के हुन्छ भन्ने धारणा पनि आउने गर्दछ । सञ्चय कोष राष्ट्रसेवक कर्मचारीहरूसँग लक्षित रहेको छ । सामाजिक सुरक्षा कोष भने औपचारिक र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूलाई लक्षित गरी योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी कार्यमा रहेको छ । लगानी कोषले भने विशिष्टीकृत ढंगले काम गर्ने क्षेत्र पहिचान गर्दै नयाँ कार्यक्रम/योजना सञ्चालन गरेर स्वेच्छिक प्रकारको अवकाश योजनाहरू सञ्चालन गर्ने, राष्ट्रसेवक कर्मचारीहरूका लागि योगदानमा आधारित सावधिक जीवन बिमा कोष सञ्चालन गर्ने र पुँजीबजारको विकासका लागि आवश्यक कार्य गर्ने गर्दछ । यी तीनवटै संस्थाहरू नेपाल सरकारकोसमेत स्वामित्व भएका संस्था भएकाले आवश्यकताका आधारमा नै स्थापना भएका हुन् ।

### कोषले लगानी विविधीकरण गर्न सकेन भन्ने कुरामा यहाँ के भन्नुहुन्छ ?

कोषमा योगदान गर्नुहुने सहभागीको पैसालाई कोषले लगानी गर्दा सतर्कताका साथ जोखिमरहित ढंगले लगानी गर्नुपर्दछ । यसरी गरिने लगानीबाट उचित प्रतिफलसमेत प्राप्त हुनेगरी लगानी गर्नुपर्दछ । कोषका सहभागीहरू राष्ट्रसेवक कर्मचारी, संघसंस्थामा काम गर्ने कर्मचारीहरू क्रमिकरूपमा अवकाश हुँदै जानुहुन्छ । अवकाश कोष सञ्चालन गर्ने संस्थाले उहाँहरूलाई नियमितरूपमा भुक्तानी गर्नेगरी तरलताको व्यवस्थापन पनि गर्नुपर्दछ । यो भन्नाले मुद्दती निक्षेपमा धेरै रकम राख्नुपर्छ भन्ने पनि होइन । तर, मुद्दती निक्षेप पनि आवश्यक भएको क्षेत्र हो । कोषसामु लगानीलाई थप विविधीकरण गर्नुपर्ने चुनौतीहरू रहेका छन् । हाल औसतमा ५२ प्रतिशत जति रकम मुद्दती निक्षेपमा रहेको छ । यसलाई विविधीकरण गर्नेतर्फ कोषले योजना बनाइ कार्य अघि बढाएको छ । खासगरी सरकारी पूर्वाधार निर्माणको क्षेत्रमा लगानी बढाउन आवश्यक नीतिगत सुधारका लागि कार्य भइरहेको छ । यसैगरी विशिष्टीकृत कोष र पुँजीबजारमा लगानी बढाउन कोष लागि परेको छ । अर्थात् कोषले लगानी विविधीकरणलाई उच्च प्राथमिकतामा राखेको छ ।

### कुन क्षेत्रमा लगानी गर्ने सोच्नुभएको छ ?

कोषले लगानी विविधीकरणलाई मूल एजेन्डाका रूपमा अगाडि सारेको छ । यहीअनुसार वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेर कोष अगाडि बढेको छ । विविधीकरणको क्षेत्र पहिचान गर्ने क्रममा सरकारको प्राथमिकतामा रहेको पूर्वाधार निर्माणको क्षेत्रमा लगानी बढाइने छ । नेपालको परिवेशमा हेर्दा हाल जलविद्युत्‌को क्षेत्र नै सबैभन्दा प्रमुख प्राथमिकता भएको र राम्रो भविष्य भएको क्षेत्र रहेकाले यसतर्फ लगानी विस्तार गर्ने सोचाइ छ । अहिले पनि विभिन्न जलविद्युत् आयोजनामा लगानी गर्ने सन्दर्भमा द्विपक्षीय छलफल र वार्ता अगाडि बढिरहेको छ । यसैगरी, कृषि क्षेत्रमा के कसरी लगानी अभिवृद्धि गर्न सकिन्छ भन्नेतर्फसमेत अध्ययन भइरहेको छ । विशिष्टीकृत फन्डमार्फत विभिन्न उत्पादनशील क्षेत्रमा लगानी विस्तारका लागि नीतिगत व्यवस्था गर्न आवश्यक देखिएको र उक्त दिशामासमेत कार्य भइरहेको छ ।

'प्राइभेट इक्विटी फन्ड'तर्फ जाने सम्बन्धमा पनि कोषले छलफल अगाडि बढाएको छ । लगानी विविधीकरणका सन्दर्भमा लगानी कोष ऐनले कोषलाई क्यापिटल मार्केटमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्थाका रूपमासमेत राखेको हुँदा कोषको सहायक कम्पनीका रूपमा नागरिक 'स्टक डिलर' सञ्चालनमा रहेको छ । उक्त स्टक डिलर पुँजीबजारमा सक्रिय रहेको छ । यो पनि कोषको एउटा लगानीको पाटोजस्तै रहेको छ । यसको अलावा पुँजीबजारमा सक्रिय भूमिका बढाउने, पुँजी बजारतर्फ लगानीलाई उल्लेखनीय बढाउने सोचाइसमेत कोषको रहेको छ ।

### कोषलाई सेवाग्राहीले कसरी लिने ?

सेवाग्राहीले कोषलाई जसरी विश्वास गर्नुभएको छ, कोषले पनि सुरक्षित लगानीमार्फत उच्च प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्दछ । सहभागीले मिहेनत गरेर कमाएको पैसालाई कोषले सुरक्षित लगानी गर्छ । सहभागीहरूलाई अन्य किसिमका सेवासुविधा दिने, ब्याजदरको अलावा बोनस/प्रतिफल दिने कार्य पनि कोषले गरिरहेको छ । सहभागीहरूलाई बिमा, औषधोपचारलगायतको सुविधा दिनेतर्फ कोषले काम गर्ने छ ।

कोषप्रति विश्वास गर्न र कोषका विभिन्न योजना कार्यक्रमहरूमा सहभागी हुन सबैलाई आग्रह गर्न चाहन्छु । राष्ट्रसेवक कर्मचारीहरू तथा अन्य संघसंस्थाका कर्मचारीहरूका लागि सञ्चालन गरिएका कार्यक्रमहरूका अतिरिक्त आम नेपाली नागरिक विशेषतः वैदेशिक रोजगारीमा जानुभएका दाजुभाइ दिदीबहिनीहरूलाई समेत लक्षित गरेर कोषले नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ ।

### अन्त्यमा के भन्न चाहनुहुन्छ ?

नागरिक लगानी कोषले सहभागीहरूको अवकाश जीवनलाई सहज बनाउन वित्तीय स्रोतका लागि विभिन्न अवकाश योजनाहरू सञ्चालनमा ल्याएको छ । यसै सिलसिलामा सरकारी, गैरसरकारी संघसंस्थामा कार्यरत धेरैजसो कर्मचारीहरूले कोषको योजनामा सहभागिता जनाइसक्नुभएको छ । कोषले स्वरोजगारमा रहेका, वैदेशिक रोजगारमा रहेका, एवं कृषि पेसामा रहनुभएका आमनागरिकलाई समेत लक्षित गरी नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ । यस योजनामा सहभागी भई सक्रिय उमेरमा कमाएको केही रकमलाई पेन्सन योजनामा लगानी गरेर अवकाश जीवनलाई सुरक्षित बनाउन सबैमा अनुरोध गर्दछु । यसैगरी, नागरिक लगानी कोषले आफ्ना सेवाग्राहीलाई सरल र सहज तरिकाले सेवा प्रदान गर्ने र सहभागीहरूलाई उचित प्रतिफल दिने हुनाले नागरिक लगानी कोषप्रति विश्वास गर्दै यसका योजनाहरूमा सहभागी हुन सबैमा पुनः आग्रह गर्न चाहन्छु ।

# बहिरा विद्यार्थीको भविष्य कोर्दै बहिरा शिक्षिका गौतम

■ सञ्जीत मण्डल

**जलेश्वर–** आफू सुस्त श्रवण (बहिरा) भएकाले त्यसको पीडा भोग्दै आएकी सुधा गौतमले समाजमा उदाहरणीय कार्यको प्रशंसा हुन थालेको छ। उनले आफूजस्तै अरू सुस्त श्रवण भएका बालबालिकालाई शिक्षाको ज्योति दिएर सुन्दर भविष्य कोर्दै आएकी छन् ।

महोत्तरीको बर्दिबास नगरपालिका-३ की २९ वर्षीया गौतम गौशाला नगरपालिकामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा १० वर्षदेखि शिक्षिकाको रूपमा कार्यरत छिन् । पहिले इशारा (सांकेतिक भाषा) बाट बहिरा बालबालिकालाई पठनपाठन सुरु गरेकी शिक्षिका गौतम सुस्त श्रवण कक्षाका विद्यार्थीलाई निरन्तर इशारा र संकेतको भरमा शिक्षादीक्षा दिँदै ज्ञानको ज्योति छर्नमा व्यस्त छिन् । भुइँमै कार्पेट ओछ्याएर कक्षाभरि पलेटी मारेर पढ्नसक्ने गरी बनाइएको बेञ्चमाथि कापी, किताब, कलम, पेन्सिललगायतका शैक्षिक सामग्री राखी सबै विद्यार्थी शिक्षिका गौतमले आफ्नो हात, आँखा र अनुहारले देखाएकी विभिन्न संकेत र इशाराको भरमा पढ्ने गर्दछन् ।

बाल कक्षादेखि माध्यमिक स्तरसम्मको पठनपाठनका साथै १० जोड २ र प्राविधिक क्षेत्रमा इञ्जिनियरिङसम्मको पठनपाठन हुने यस विद्यालयमा सुस्त श्रवण भएका विद्यार्थीका लागि पनि विशेष कक्षा सञ्चालन भइरहेको छ । करिब दुई हजार बढी विद्यार्थी अध्ययनरत यस विद्यालयमा एकै सिफ्टमा सबै कक्षा तथा विद्यार्थीको पठनपाठन सम्भव नहुँदा दुई सिफ्टमा चलाउनुपरेको प्रधानाध्यापक विनोद महतो बताउँछन् । कक्षा ११ र १२ को बिहानको अध्यापन सकेपछि १० बजेदेखि सुरु हुने माध्यमिक स्तरसम्मको पठनपाठन हुने गर्दछ ।

विद्यालयको एउटा कक्षा कोठामा १६ जना बालबालिकालाई एक्ली बहिरा शिक्षिकाले पढाइरहेको हेर्न सकिन्छ । उनले विशेष शिक्षाअन्तर्गत सांकेतिक भाषामा कक्षा १ देखि ४ सम्म सर्लाहीबाट र कक्षा ५ देखि १० सम्म रौतहटको चन्द्रनिगाहपुरबाट अध्ययन गरेकी थिइन् । कक्षा ११/१२ को पढाइ पोखराबाट पूरा गरेकी उनले सांकेतिक भाषामै सिरहाबाट नेपाली भाषामा बटिएडसम्मको अध्ययन गरेकी हुन् । त्यसपछि उनले त्रिभुवन विद्यालयमा बहिरा विद्यार्थीका लागि सञ्चालित विशेष कक्षामा पढाउने जागिर करारमा पाएकी हुन् ।

कानले राम्ररी सुन्न नसक्ने र मुखले पनि राम्ररी बोल्न नसक्ने भएकाले उनी र उनका विद्यार्थीलाई बाहिर कहाँ, के भइरहेको छ भन्ने कुरामा खासै चासो रहेको पाइँदैन । सायद त्यसैले होला सबै विद्यार्थीहरू पठनपाठनमा निक्कै अब्बल र मेधावी देखिएको प्रधानाध्यापक महतो बताउँछन् । बालबालिकाहरूले कसरी शिक्षिका गौतमको सबै कुरा बुझ्छन् र कसरी उनीसँग इशारा र संकेतमै कुराकानी गर्छन् भन्नेमा धेरैलाई अनौठो र आश्चर्य लाग्नसक्छ । बालबालिकाहरूले कुराकानीमात्रै नभएर उनको संकेत र इशाराकै भरमा आफ्नो अध्ययन अध्यापनलाई पनि अगाडि बढाएका छन् । इशारा र संकेतकै भरमा उनीहरू शिक्षिका गौतमले भनेको कुरा लेखेर, गृहकार्य गरेर र कक्षामा प्रस्तुत गरेर पनि देखाउँछन् ।

ती सबै विद्यार्थी कक्षा १ देखि ५ सम्म अध्ययनरत छन् । प्रत्येक वर्ष अन्य छात्रछात्राहरूसरह बहिरा बालबालिकाले पनि परीक्षा दिने र उत्तीर्ण भएर नयाँ कक्षामा जाने गरेको शिक्षिका गौतम बताउँछिन् । कक्षाकोठाको चारैतिरको भित्तामा विभिन्न सन्देशमूलक र बालबालिकालाई अध्ययनका लागि उपयोगी हुने चित्र र संकेतहरू कोरिएको छ । विद्यार्थीहरूले ती चित्र र संकेतहरू र आ-आफ्नो कापी किताबको माध्यमले अध्ययन गर्ने गर्दछन् । आफूजस्तै फरक क्षमता भएका विद्यार्थीलाई पढाउन पाउँदा आफू निक्कै खुसी भएको बताउँदै शिक्षिका गौतमले शिक्षाको ज्योतिले बालबालिकालाई आफूजस्तै संसार हेर्ने र बुझ्ने बनाउन पाउँदा निकै खुसी लागेको त्यहाँ पुगेका सञ्चारकर्मीलाई लेखेर देखाइन् ।

बहिरा बालबालिकालाई पठनपाठन गराउँदा देखिएका चुनौतीको बारेमा सोध्दा उनी भन्छिन्, 'सुस्त श्रवण (फरक क्षमता) भएका छात्रछात्राहरू सामान्य मानिसभन्दा अलिक फरक हुन्छन् ।' त्यस्ता क्षमता भएका बालबालिकाहरू सामान्य विद्यार्थीभन्दा बढी जिद्दी, झगडालु, चाँडै रिसाउने र भाग्न खोज्ने प्रवृतिको हुने गरेकोले उनीहरूलाई सम्हाल्न निक्कै समस्या र कठिनाइ हुने गरेको उनले बताइन् ।

अन्य कक्षा जस्तो वैकल्पिक शिक्षिक, शिक्षिका नहुँदा एक्लैले दिनभर पढाउनुपर्दा आफू र विद्यार्थीहरू पनि थकित हुने गरेको उनको गुनासो छ । शिक्षिका गौतमले अरु शिक्षक, शिक्षिकासरह सामान्य परिस्थितिमा बिदा पनि पाउँदिनन् । बिरामी वा अन्य कारणले उनी विद्यालय आउन नसकेको दिन ती विद्यार्थीले राम्ररी पढ्न पाउँदैनन् । आफू विद्यालय आउन नसक्ने दिन आफैंले विकल्पको रूपमा अरू शिक्षक ल्याउनुपर्ने र विद्यार्थीलाई पनि सम्झाइबुझाइ जानुपर्ने बाध्यता रहेको उनले बताइन् ।

शिक्षिका गौतमले विद्यार्थीहरू त आफूजस्तै भएकाले उनीहरूसँग बस्न, पठनपाठन गर्न कुनै समस्या नभएको तर विद्यालयमा बाहिरबाट आएका आगन्तुक, अतिथि र अन्य व्यक्तिहरूसँगको संवादका लागि विद्यालयमा बहिरा विद्यार्थी र आफ्नै लागि पनि दोभासेको व्यवस्थापन गरिनुपर्ने माग गरिन् । शिक्षिका गौतम फरक क्षमताका बालबालिकाहरू देशभर नै रहेकाले उनीहरूलाई पढ्ने वातावरण निर्माण गर्न तीनै तहका सरकारहरूले गम्भीरता देखाउनुपर्ने बताउँछिन् । प्रत्येक गाउँबस्तीमा रहेका सुस्त श्रवण भएका बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् र सामान्य नागरिकजस्तो बोल्न र सुन्न नसके पनि शिक्षाको माध्यमले ज्ञानको ज्योतिको साहारामा यस संसारमा सम्मानित जीवनयापन गर्न सकून् भने उनको धारणा रहेको छ ।

उनी फरक क्षमता भएकाहरूका लागि जिल्ला, प्रदेश र संघमा रहेका विभिन्न संघ संस्थाहरूमासमेत आबद्ध छिन् । हाल उनी महोत्तरी जिल्ला बहिरा संघकी अध्यक्ष छिन् भने राष्ट्रिय बहिरा महासंघ मधेस प्रदेशकी सचिव छिन् । त्यसैगरी राष्ट्रिय बहिरा महासंघको केन्द्रीय सदस्य र राष्ट्रिय अपांग महासंघको मधेश प्रदेश सदस्यको रूपमासमेत शिक्षिका गौतम कार्यरत रहेकी छन् । फरक क्षमताका सवालहरूमा देश विदेशमा आयोजना हुने सभा समारोहमा पनि उनको प्रतिनिधित्व रहने गर्दछ । प्रधानाध्यापक महतोका अनुसार त्यस विद्यालयमा २० वर्षदेखि विशेष कक्षा (सुस्त श्रवण कक्षा) सञ्चालन हुँदै आएको छ । उनले अहिलेसम्म यस विद्यालयबाट थुप्रै विद्यार्थीले प्राथमिक शिक्षा पाएर यहाँबाट गइसकेको बताए ।

यहाँबाट उत्तीर्ण भएका विद्यार्थी सिरहा र सर्लाहीसहितका जिल्लामा जाने गर्दछन् । शिक्षिका गौतमजस्तै थप शिक्षक, सुस्त श्रवण भएका विद्यार्थी र शिक्षकलाई बाहिरी व्यक्तिसँगको संवादका लागि दोभासे र उनीहरूको समूचित व्यवस्थापनका लागि आफूले पटक-पटक सम्बन्धित निकायमा लिखित र मौखिकरूपमा माग गर्दै पत्राचार गर्दै आएको प्रधानाध्यापक महतोले बताए । *रासस*

# कोरला नाकामा सञ्चार सुविधा विस्तार

**म्याग्दी (प्रस)–** चीनको स्वशासित क्षेत्र तिब्बतसँगको सिमाना कोरलामा नेपाल टेलिकमले सेवा विस्तार गरेको छ । बागलुङस्थित नेपाल टेलिकमका प्रमुख सन्तोष बरालका अनुसार कोरला नाकामा टुजी र फोरजी इन्टरनेट तथा मोबाइल फोन सेवा सञ्चालनका लागि बिटिएस टावर खडागरी मंगलबारदेखि सेवा प्रारम्भ भएको हो ।



लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले सञ्चार सुविधा भएपछि स्थानीयवासी, व्यापारी, सुरक्षाकर्मी, भन्सारका कर्मचारी र कोरला नाका पुग्ने जोकोहीलाई सञ्चार गर्न सहज भएको बताए । एक वर्षअघि सञ्चालनमा आएको कोरला नाकामा गत वैशाखमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको थियो ।

नाकामा गण्डकी प्रदेश सरकारको लगानीमा गत साउनमा निर्माण भएका भवनमा अध्यागमन, भन्सार, सुरक्षा निकायको कार्यालय स्थापना गर्ने तयारी भएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताए ।

मुस्ताङको लोमान्थाङ, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, थासाङ, लोघेकर र दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा तिब्बतको नेचुङ-लिचीसम्म व्यापार गर्न नियमितरूपमा आवतजावत गर्दै आएका छन् ।


## Ganyapdhura Rural Municipality
### Office of the Rural Municipal Executive
Ganeshpur, Dadeldhura
Sudurpashim Province, Nepal

## Invitation for bids (re-bidding)

*Date of publication: 2081-06-10*

1. Ganyapdhura Rural Municipality invites open competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| SN. | Contract No. | Description | Cost Estimate (Nrs) Without VAT & PS | Bid Security Amount (Nrs) | Last Date of Bid Submission | Bid Opening Date & Time | Bid Fee Nrs) |
|---|---|---|---|---|---|---|---|
| i. | GDRM/NCB/Works/04/2081/082 | Construction of Ward Level Health Care Center (Type 2) and Boundary works at Ganyapdhura Rural Municipality-05 | 57,02,064.45 | 1,67,748 | 2081/07/11 before 12:00 pm | 2081/07/11 at 2:00 pm | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
a. Name of the Bank: Nepal SBI Bank
b. Name of Office: Ganyapdhura Rural Municipality
c. Aantarik Rajaswa Account: Ga 1.1 - 41995241207004

**Chief Administrative Officer**


# स्थानीय तह स्थापनापछि थपिँदै स्वास्थ्य संस्था

**ढोरपाटन (बागलुङ)–** वि.सं. २०७३ अगाडिसम्म बागलुङका दूरदराजका नागरिकलाई सामान्य उपचार गर्नका लागि दिनैभर लगाएर स्वास्थ्यचौकी पुग्नुपर्ने बाध्यता भए पनि अहिले त्यो बाध्यताको अन्त्य भएको छ ।

स्थानीय तह स्थापनापछि गाउँ तथा नगरपालिकाले विकट बस्तीसम्म स्वास्थ्य संस्था खोलेर सेवा दिन थालेका छन् । जिल्लाका १० वटा स्थानीय तहले विकट बस्तीसम्म सामुदायिक स्वास्थ्य एकाइ, आधारभूत स्वास्थ्य केन्द्र तथा सहरी स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रवाह गर्न थालेपछि स्थानीयलाई ठूलो राहत मिलेको छ ।

गाउँमा स्थापना भएका स्वास्थ्य संस्थाले सामान्य उपचार र औषधि पाउन दिनैभरि लगाउनुपर्ने बाध्यताको अन्त्य गर्नाका साथै नागरिकलाई सचेतसमेत बनाउन थालेका छन् । जिल्लामा सबैभन्दा दुर्गम मानिने निसीखोला, ढोरपाटन, तमानखोलालगायत ठाउँमा अहिले स्वास्थ्यमा राम्रो प्रगति भएको पाइन्छ। नागरिकलाई स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिका लागि सयौं स्वास्थ्य स्वयंसेविकासमेत खटाइएको छ । त्यसले नागरिकलाई बिरामी परे अस्पताल जानुपर्छ भन्ने चेतना विकास भएको छ । तीनै तहका सरकारको लगानीमा अहिले गाउँ-गाउँमा सुविधा सम्पन्न स्वास्थ्य संस्था सञ्चालनमा आइरहेका छन् ।

आठ वर्षअगाडि बागलुङ जिल्लाभर एउटा सरकारी अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ५८ स्वास्थ्य चौकी, नौ सामुदायिक स्वास्थ्य एकाइ र चार सहरी स्वास्थ्य केन्द्र गरी ७५ वटामात्रै स्वास्थ्य संस्था थिए । अहिले त्यसको संख्या बढेको छ । स्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी घनश्याम सापकोटाका अनुसार एउटा प्रादेशिक अस्पताल, तीन नगर तथा आधारभूत अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५६ स्वास्थ्य चौकी, २३ आधारभूत स्वास्थ्य केन्द्र, २० सामुदायिक स्वास्थ्य एकाइ र १७ सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन् ।

पहिले प्राथमिक स्वास्थ्य केन्द्र रहेको हरिचौर प्राथमिक स्वास्थ्य केन्द्र अहिले गलकोट नगर अस्पतालमा स्तरोन्नति भएको उनले जानकारी दिए । पैयुँपाटा स्वास्थ्य चौकी बागलुङ नगर अस्पताल र बोंगादोभान स्वास्थ्यचौकी तमानखोला आधारभूत अस्पतालमा स्तरोन्नति भएको उनको भनाइ छ ।

सापकोटाका अनुसार धौलागिरि आयुर्वेद औषधालयसहित तीन नागरिक आरोग्य केन्द्र, पाँच स्थानीय तहमा साधारण आयुर्वेद औषधालय सञ्चालनमा रहेका छन् । जिल्लामा २०२ खोप क्लिनिक, २१२ खोप सेसन, १५८ गाउँघर क्लिनिक, ७१ बर्थिङ सेन्टर, ३६ प्रयोगशाला रहेको उनको भनाइ छ । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका जिल्लाभर ९५० महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रहेको उनले बताए ।

धौलागिरि अस्पताल बागलुङ र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा शल्यक्रियामार्फत गर्भवती गराउने सुविधासमेत रहेको छ । धौलागिरि क्षेत्रमै सबैभन्दा ठूलो मानिने धौलागिरि अस्पताल सुविधा सम्पन्न बन्दै गएपछि बागलुङसहित म्याग्दी, पर्वत र मुस्ताङका बिरामीले सुविधा लिँदै आएका छन् । बडिगाड गाउँपालिकामा पनि आधारभूत अस्पताल निर्माण सम्पन्न भइसकेको र केही समयमै सञ्चालनमा ल्याउने गाउँपालिकाले जनाएको छ । निसीखोला गाउँपालिकामा भने बजेट अभावका कारण आधारभूत अस्पताल सम्पन्न हुन सकेको छैन ।

ढोरपाटन नगरपालिकाको ढोरपाटन उपत्यकामा बन्दै गरेको नगर अस्पताल पनि बजेटकै कारण रोकिएको नगरपालिकाले जनाएको छ । ताराखोला गाउँपालिकामा भने कामनै सुरु भएको छैन । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले दुई वर्षदेखि आधारभूत अस्पताल सञ्चालन गरेको बताए । गत वर्षदेखि एकजना डाक्टर राखेर सेवा प्रवाह गरिरहेको उनको भनाइ छ । गाउँपालिकामा हाल एउटा आधारभूत अस्पतालसहित दुई स्वास्थ्यचौकी, तीन आधारभूत स्वास्थ्य सेवा केन्द्र, एउटा सामुदायिक स्वास्थ्य एकाइ र तीन स्वास्थ्य परामर्श केन्द्र सञ्चालनमा ल्याएको जानकारी दिए ।

उनले भने, 'स्थानीय तह गठन हुनुपूर्व तमानखोलामा तीन स्वास्थ्यचौकी थिए, यहाँका नागरिक लागि ती स्वास्थ्य संस्था पर्याप्त थिएनन्, हामीहरू निर्वाचित भएर आएदेखि स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गऱ्यौं, अहिले अस्पताल सञ्चालन गर्नेदेखि दूरका बस्तीबस्तीमा स्वास्थ्य संस्था स्थापना गरेर नागरिकलाई सेवा दिइरहेका छौं, सुविधा सम्पन्न अस्पतालमा बिरामीलाई पुऱ्याउनका लागि एम्बुलेन्स सेवा पनि दिएका छौं, अझै स्वास्थ्य क्षेत्रको सुधारमा लागिरहेका छौं ।'

गत वर्षसम्म निसीखोला-५ निसेलढोरमा कोही बिरामी पऱ्यो भने एक दिन लगाएर बुर्तिबाङ ल्याउनुपर्ने बाध्यता थियो । गत वर्ष गाउँपालिकाले सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सेवा दिन थालेपछि सामान्य उपचारका लागि बुर्तिबाङ झर्नुपर्ने बाध्यता हटेको स्थानीय सम्झना विकले बताए । *रासस*


लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
## खानेपानी तथा सरसफाइ कार्यालय, प्यूठान
## एच.डी.पी. तथा जि.आई.पाइप सप्लाई कार्यको बोलपत्र आवहान सम्वन्धी सूचना

www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०९

१. खानेपानी तथा सरसफाई कार्यालय प्यूठानद्वारा आ.ब.२०८१/८२ मा सञ्चालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरुमा तपशिलका एच.डी.पी. तथा जि.आई पाइप सप्लाई कार्यहरु खुल्ला प्रतिस्पर्धाबाट e-bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली इजाजत प्राप्त उत्पादक कम्पनी ,सप्लायर्स वा फर्महरू, निर्माण व्यवसायीबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टा छुटै e-bidding बोलपत्र आव्हान गरिन्छ ।

२. तपशिलमा उल्लेखित बोलपत्र दस्तुर (फिर्ता नहुने गरी)बुझाई आ.ब.२०८१/८२ को लागि नबिकरण गरिएको इजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०८०/८१ सम्मको करचुक्ता वा करचुक्ता सम्बन्धि म्याद थप गरिएको काजजात प्रमाणपत्र प्रतिलिपि संग्लन गरी e-bidding मार्फत www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ । बोलपत्रको दस्तुर नेपाल बैंक लिमिटेड , प्यूठानको राजश्व सिर्शक नं. १४२२९ (प्रशासनिक दस्तुर बोलपत्र) कार्यालय कोड नं.३४७०२५५०१५ खाता नं. २७४०२००००१००१००००१ मा जम्मा गरेको भौचरको स्क्यान कपि संग्लन गरेको हुनु पर्नेछ ।

३. जमानत बापत तपशिलमा उल्लेख भएको धरौटी रकम नेपाल बैंक लिमिटेड, प्यूठानको ख २-३ प्रदेश लेखा धरौटी खाता नं.०५२०२००००२००३००००१ र कार्यालय कोड नं. ३४७०२५५०१५ मा जम्मा गरेको भौचर स्कान वा राष्ट्र बैक बाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरेको नियम अनुसारको बोलपत्र खोलिने दिनले कम्तिमा १२० दिनको म्याद भएको बैंक जमानत पत्र (बिड वंड) स्कान गरी पेश गर्नु पर्ने छ ।

४. सप्लायर्सको हकमा निर्माताबाट बिक्रीको लागि एकलौटी रुपमा जारी गरिएको आधिकारिक पत्र Manufacture's Authorization Letter अनिबार्य पेश गर्नु पर्ने छ ।

५. बोलपत्र मिति ३१ औं दिनको १२:०० बजे भित्र e-bidding मार्फत www.bolpatra.gov.np/egp मा दर्ता गरी सक्नु पर्नेछ ।

६. बोलपत्र खरिद गर्न दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन क्रमश: सो कार्यहरु गरिनेछ, म्याद भित्र दर्ता नभएका र रित नपुगेका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

७. दाखिला भएका बोलपत्र यस कार्यालय प्यूठानमा मिति ३१औं दिनको २:०० बजे खोलिनेछ ।

८. सूचनामा नपरेका बिषयहरु सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।

९. थप अन्य जानकारीको लागि यस कार्यालय, प्यूठानको कार्यालय समय भित्र र http://www.bolpatra.gov.np/egp मा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं | कामको विवरण | योजनाको नाम | बोलपत्र दस्तुर रु. | ल. ई रकम (भ्याट पी.एस.बाहेक) रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | WSSOPyuthan/NCB/Goods/01/2081/082 | Supply of G.I Pipe | प्यूठान जिल्लाका विभिन्न खा.पा.आ हरु | ३०००.०० | ८६,२३,६५३.०० | २,६८,०००.०० | |
| २ | WSSOPyuthan/NCB/Goods/02/2081/082 | Supply of HDPE Pipe PE 100 (SDR) | प्यूठान जिल्लाका विभिन्न खा.पा.आ हरु | ३०००.०० | ५३,६८,७९७.०० | १,६७,०००.०० | |

**नि.कार्यालय प्रमुख**

# प्रभाव दैनिक

बिहीबार १०, असोज २०८१ (Thursday, September 26, 2024)


रूपशाला

### मृदुलको 'मेरो मन्दिर' सार्वजनिक

बालगायक मृदुल राठीको स्वर रहेको गीत 'मेरो मन्दिर'को म्युजिक भिडियो सार्वजनिक भएको छ । अमित क्षेत्रीको शब्द, सङ्गीत रहेको गीतको भिडियो सुरशाला युट्युब च्यानलबाट सार्वजनिक भएको हो । हजुरबुबा, हजुरआमा, बुबाआमाको प्रेम, त्यागप्रति समर्पित म्युजिक भिडियोमा बालगायक राठीकै बुबाआमाको अभिनय छ । युवराज वाइबाले निर्देशन गरेको भिडियोको छायांकन निसल पौडेलले गरेका हुन् । भिडियोमा अभिभावकले आफ्ना सन्तान प्रति गर्ने स्नेह, त्यागलाई देखाउँदै सन्तानले अभिभावकको प्रेम प्रति देखाएको सम्मान झल्काइएको छ ।



# अपर मुस्ताङमा बाढीले 'एक्लो'को सेटमा क्षति



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'एक्लो' को अपर मुस्ताङमा बनेको सेटलाई बाढीले क्षति पुऱ्याएको छ ।

गत महिना काठमाडौंमा शुभ मुहर्त गरेर ललितपुरको च्यासलमा केही दृश्य छायांकन गरेर निर्माण टिम छायांकनको लागी मुस्ताङ पुगेको थियो । साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको चलचित्रका लागि निर्माण पक्षले अपर मुस्ताङमा करिब ४० लाखको सेट तयार गरेर छायाङ्कन सुरु गरेको थियो । बाढीले सम्पूर्ण सेटमा क्षति पुऱ्याएको कार्यकारी निर्माता विनोद सुवेदी क्षितिजले बताए । बाढीले सेट बगाउँदा निर्माण टिमलाई ठुलो आर्थिक घाटा भएको सुबेदीले बताए ।

प्रदीप शाहीको निर्देशनमा निर्माण भई रहेको चलचित्रलाई बाबु श्रेष्ठले छायांकन गरिरहेका छन् । चलचित्रमा हलिउड कलाकार जेमी बेकम, प्रदीप खड्का, बेनिसा हमाल,विजय लामा, सुनील थापा, दिया पुन, दिनेश डीसी, सुरज सिंह ठकुरी,एभन राज उप्रेती,कविता नेपाली, त्रृचु राई, कृष्णभक्त महर्जन, विकास अधिकरी, दिग्गज खत्री, विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ र बाल कलाकार जेभिन श्रेष्ठ र स्योन सविक सिङलगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय रहनेछ ।

चलचित्र 'एक्लो' का निर्माता राजु कुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, संगिता वादी श्रेष्ठ ,भाइराजा थापा, नवीन सिवा, बागवीर पुन हुन् । बाबु श्रेष्ठको छायाङ्कन रहने यस चलचित्रमा राजु तामाङको द्वन्द्व निर्देशन, सेट डिजाइनरमा राजु पेन्टर, कला निर्देशनमा सन्तोष लामा तथा प्रोडक्सन डिजाइनरमा प्रेम खड्का र सुवराज कार्की रहेका छन् ।

# बेहुली हुँदाको अनुभव लेखे पुरस्कार !

■ प्रभाव संवाददाता

**काठमाडौं–** असोज १७ गते घटस्थापनाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बेहुली फ्रम मेघौली'का निर्माताले फिल्मको प्रचार गर्न प्रतियोगिताको घोषणा गरेका छन् ।

फिल्मको थिमअनुसार बेहुली हुँदाको अनुभव लेखेर पठाउँदा आकर्षक पुरस्कार प्रदान गरिने घोषणा गरिएको छ ।

फिल्मकी प्रमुख अभिनेत्री तथा निर्मात्री स्वस्तिमा खड्काले बेहुली हुँदाको अनुभव रोचक शैलीमा लेखेर पठाउनेमध्ये उत्कृष्ट लेखकलाई प्रिमियरमा निमन्त्रणा, दुईवटा टिकट र आकर्षक पुरस्कार प्रदान गरिने जानकारी गराएकी छन् । उनका अनुसार असोज १० गतेदेखि कथा पठाउन सकिनेछ ।

फिल्ममा स्वस्तिमासहित निश्चल बस्नेत, बसुन्धरा भुषाल, विजय बराल, सिम्रन खड्का, लोकेन्द्र लेखक, सिरु बिष्ट, आमिर गौतम, रक्षा थापा लगायतको पनि अभिनय छ ।



यसमा सजन काफ्ले र आकाश बरालको संयुक्त लेखन तथा निर्देशन छ । स्वस्तिमा र निश्चल दम्पतीको निर्माणमा बनेको फिल्मको कार्यकारी निर्माताहरूमा फिरोज खड्का र शंकर पाण्डे छन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन, प्रदीप लामा र केवीका खत्रीको नृत्य निर्देशन, जयन जे वाइवा र कुशल पोखरेलको संगीत तथा निमेष श्रेष्ठको सम्पादन रहेको छ ।

# ओटिटीमा सार्वजनिक भयो फिल्म 'प्रेम गीत–३'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वि.सं. २०७९ सालको दसैंमा नेपाली र हिन्दी भाषामा एक साथ प्रदर्शनमा आएको फिल्म 'प्रेम गीत-३' ओटीटी प्लेटफर्म एप 'सिनेमा घर'मा राखिएको छ ।

नायक प्रदीप खड्का र नायिका क्रिस्टिना गुरुङको शीर्ष भूमिका रहेको यस फिल्म पहिलो पटक भारतमा पनि प्रदर्शन भएको थियो ।

यस फिल्म खजाग राज्यका कान्छा राजकुमार प्रेम (प्रदीप) र उनकी प्रेमिका गीत (गीत) को कथा छ। फिल्ममा प्रेम शुभ समयमा जन्मिएका कारण राजा हुने भविष्यवाणी गरिएको हुन्छ । त्यसपछिको उनको जीवनको उत्तारचढाव फिल्ममा देखाइएको छ ।




यस फिल्ममा प्रदीप र क्रिस्टिनासहित शिव श्रेष्ठ, मनिष राउत, अनुभव रेग्मी, समृद्धि शाही ठकुरी, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, लक्ष्मी वर्देवालगायत कलाकारको अभिनय छ । यो चलचित्रलाई छेतेन गुरुङ र सन्तोष सेनले संयुक्त निर्देशन गरेका हुन् । प्रेम गीत सार्वजनिकसँगै सिनेमाघर एपले नयाँ फिचर ल्याएको छ । यसअघि सिनेमाघरका सामाग्री मोबाइल र स्मार्ट टिभीमा मात्रै हेर्न सकिन्थ्यो । अब ल्यापटप र डेस्कटपबाट वेब ब्राउजरमार्फत सिनेमाघरका सामाग्री हेर्न सकिन्छ ।

## रंगशाला

### यू-१७ च्याम्पियनसिप

# भुटानविरूद्ध पुनरागमन जित निकाल्दै नेपाल सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु टोली भुटानविरुद्ध समूहको अन्तिम खेलमा बुधबार २-१ को पुनरागमन जित निकाल्दै नेपाल साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

थिम्पुस्थित चाङ्लिमिथाङ स्टेडियममा भएको समूह 'बी'को अन्तिम खेलमा कृष्णबहादुर आले र सुजन डंगोलले दोस्रो हाफमा गोल गरेपछि नेपालले भुटानलाई पराजित गरेको हो । जितपछि नेपाल तीन खेलबाट ६ अंक जोडेर समूह बी को उपविजेताको रूपमा सेमिफाइनल पुगेको हो । दुई जित र एक बराबरीसहित ७ अंक जोडेको पाकिस्तान समूह बी को विजेता बन्दै सेमिफाइनल पुगिसकेको छ ।

नेपालले अब सेमिफाइनलमा समूह्य ए को विजेता भारतसँग प्रतिस्पर्धा गर्नेछ । समूह ए मा भारतले बंगलादेश र माल्दिभ्स दुवैलाई पराजित गरेको थियो । खेलमा अग्रता भने भुटानले लिएको थियो । तर भुटानले अग्रता कायम राख्न सकेन भने दोस्रो हाफमा नेपालले उत्कृष्ट पुनरागमन गऱ्यो ।

खेलको ४३औं मिनेटमा छिमी तोब्देन दोर्जीले नेपाली खेलाडीको गल्तीमा गोल गर्दै भुटानलाई पहिले अग्रता दिलाएका थिए । नेपाली गोलकिपर पेम्बा नोर्बु भोटेको गल्तीमा नेपालले गोल खाएको थियो । गोलकिपर भोटेले कलेक्ट गर्न नसकेको बलमा छिमीले सहजै गोल गर्दै भुटानलाई अग्रता दिलाएका थिए । पहिलो हाफमा पछि परेको नेपालले दोस्रो हाफमा दुई गोल गऱ्यो ।



५५औं मिनेटमा कृष्ण बहादुर आलेले नेपालक लागि बराबरी गोल फर्काए । उनले करिब २५ यार्डमा प्राप्त फ्रिकिकमा उत्कृष्ट गोल गरे । बराबरीतर्फ अग्रसर भइरहेको खेलको ८४औं मिनेटमा सुजल डंगोलले गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाए ।

सुरुवाती गोल खाँदा गल्ती गरेका नेपाली गोलकिपर भोटेले यस पटक भने चलाखीपूर्ण पास दिँदा त्यसमा सुजलले गोल गरे । गोलकिपर भोटेले हानेको लामो बलमा भुटानी डिपेण्डरले क्लियर गर्न नसक्दा सुजनले विपक्षीको पेनाल्टी बक्सबाट भली गोल गरे ।

नेपालले अब शनिवार भारतसँग पहिलो सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ । अर्को सेमिफाइनल पाकिस्तान र बंगलादेशबीच शनिवारै हुनेछ ।

### एएफसी यू-२० एसियन कप

# नेपाल उज्वेकिस्तानसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी यू-२० एसियन कप छनोटअन्तर्गतको आफ्नो तेस्रो खेलमा नेपाल उज्वेकिस्तानसँग पराजित भएको हो ।

चाइनिज ताइपेको न्यू ताइपेई सिटीमा बुधबार भएको खेलमा नेपाल उज्वेकिस्तानसँग ६-० गोलअन्तरले पराजित भएको हो । खेलको २४ र २७ औं मिनेटमा उज्वेकिस्ताका साइदनुरल्लायभले दुई गोल गरे । त्यस्तै, खेलको २९ औं मिनेटमा नुर्लान इब्राइमोभले गोल गरेपछि उज्वेकिस्तानले पहिलो हाफमा ३-० को अग्रता बनायो ।

त्यसपछि खेलको दोस्रो हाफमा पनि उज्वेकिस्तानले तीन गोल नै थप्यो । उज्वेकिस्तानका लागि मिर्जाएभले ६८औं मिनेटमा गोल गरे भने खेलको ८८ औं मिनेटमा मेयिरबेक रेजाबालिएभल एक गोल गरे । खेलको ९०औं मिनेटमा अब्दुगाफुर हेदारोभले गोल गरेसँगै उज्वेकिस्तानले नेपालमाथि ६-० गोलको जित निकाल्यो ।




एसियन छनोटमा समूह 'बी'मा रहेको नेपालको यो दोस्रो हार हो । पहिलो खेलमा कम्बोडियासँग नेपाल ४-१ गोलअन्तरले पराजित भएको थियो । नेपालले दोस्रो खेलमा घरेलु टोली चाइनिज ताइपेईलाई ३-१ गोलअन्तरले पराजित गरेको थियो ।

यता उज्वेकिस्तानको यो लगातार दोस्रो जित हो । उज्वेकिस्तानले पहिलो खेलमा कम्बोडियालाई ७-० गोलअन्तरले पराजित गरेको थियो । लगातार दुई खेल जितेको उज्वेकिस्तान ६ अंक जोडेको छभने तीन खेलको नेपालको तीन अंक नै रहेको छ ।

नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असोज ११ गते बहराइनसँग खेल्नेछ । समूह 'बी' मा नेपालसहित उज्वेकिस्तान, बहराइन, चाइनिज ताइपेई र कम्बोडिया रहेका छन् । आगामी सन् २०२५ मा हुने एएफसी यू-२० एसियन कप छनोटमा कुल ४५ राष्ट्रको सहभागिता रहेको छ । जसलाई विभिन्न दश समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहको विजेता र उत्कृष्ट पाँच उपविजेता यू-२० टोली एसियन कपमा छनोट हुनेछन् ।

# काठमाडौं स्पाइकर्समा टर्किस हिटर पेलिन

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं स्पाइकर्सले आगामी वात्सल्य एभरेष्ट महिला भलिबल लिग २०२४ का लागि अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बायाँ हाते अपोजिट हिटर पेलिन एरोक्टेलाई विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको छ।

प्रतिभाशाली टर्कीस भलिबल खेलाडी पेलिन एरोक्टे आफ्नो शक्तिशाली अट्याक र बलियो डिफेन्स क्षमताका लागि परिचित छिन्। विश्वव्यापी मञ्चमा आफ्नो खेल प्रदर्शन गर्न उनले धेरै अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा टर्कीको प्रतिनिधित्व गरिसकेकी छिन् ।

क्लबस्तरमा टर्किस काडिनलार भलिबल लिग, जुन उच्चतम व्यावसायिक महिला भलिबल लीग साथ साथै उनले टर्की काडिनलर भलिबल लीग, टर्की कप, टर्की काडिनलार वन लिगी र टर्की कादिनलर भलिबल टु लिगी कपमा भाग लिएर टर्कीका शीर्ष टोलीहरूका लागि खेलेको अनुभव समेत हासिल गरिसकेकी छिन् ।

काठमाडौं स्पाइकर्समा आवद्ध भएकी २० बर्षिय एरोक्टेको व्यक्तिगत र टिमको सदस्यको रूपमा प्राप्त उपलब्धिहरूको प्रभावशाली रेकर्डले उनमा भएको असाधारण प्रतिभा र टर्की तथा अन्तर्राष्ट्रिय भलिबलमा उनको उज्ज्वल भविष्यलाई समेत संकेत गर्छ ।

काठमाडौं स्पाइकर्समा सामेल हुन पाउँदाको आफ्नो उत्साह व्यक्त गर्दै पेलिन एरोक्टेले भनिन्, 'यस्तो गतिशील र महत्वाकांक्षी टिमको हिस्सा हुन पाउँदा मैले सम्मानित महशुस गरेको छु। भलिबल मेरो लागि खेल मात्र नभई प्रेम पनि हो। आफ्नो अनुभव नेपाल ल्याएर स्पाइकरहरूलाई उच्चस्तरीय प्रतिस्पर्धाका लागि मद्दत गर्न म तयार छु। मैले एभरेष्ट महिला भलिबल लिगको भावनाको बारेमा पनि धेरै सुनेको छु र म आफ्नो टिमको सफलतामा योगदान दिन र प्रशंसकहरूलाई भेट्न आतुर छु ।'




इजरायलविरुद्ध हतियार प्रतिबन्धको मागसहित अमेरिकाको वासिङ्टन डिसीस्थित ह्वाइट हाउस अगाडि प्रदर्शन गर्दै लेबनानी समर्थकहरू। पछिल्लो समय लेबनानमाथि भइरहेको इजरायली आक्रमणको विरोधमा उनीहरूले ऱ्याली निकालेका हुन्। *तस्बिरः एएफपी*

# जापानको भावी प्रधानमन्त्री बन्ने दौडमा एलडिपी नेता



**टोकियो–** जापानमा भोलि शुक्रबार हुने निर्वाचनले पहिलो महिला र सबैभन्दा कान्छो प्रधानमन्त्री पाउने सम्भावनासहित पार्टीको नेता चयनमा जापानको सत्तारुढ दल लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) जुटेको छ। यस वर्षको सुरुमा आर्थिक घोटालाको आरोपमा एलडिपीको लामो समयदेखिको शक्तिशाली गठबन्धन विभाजन भएपछि हुन लागेको प्रधानमन्त्रीको लागि नौ जना उम्मेदवार चुनावी मैदानमा देखिएका छन्।

कञ्जरभेटिभ एलडिपीसँग संसदीय बहुमत रहेकोले उक्त पार्टीको नेता विजय हुने व्यक्ति नै जापानको प्रधानमन्त्री बन्ने निश्चित छ र सम्भवतः उनीहरूले आफ्नो जनादेश प्राप्त गर्न मध्यावधि चुनावको घोषणा गर्ने छन्। पूर्वरक्षामन्त्री शिगेरु इशिबा, लोकप्रिय पूर्वप्रधानमन्त्रीका छोरा ४३ वर्षीय शिन्जिरो कोइजुमी र महिला उम्मेदवार साना ताकाइची चुनावी प्रतिस्पर्धामा अगाडि रहेका छन्।

बढ्दो आक्रामक चीन, उसको रूससँगको गहिरो रक्षा सम्बन्धदेखि उत्तर कोरियाको प्रतिबन्धित क्षेप्यास्त्र परीक्षणसम्मका चुनौतीबीच निर्वाचनबाट जसले नेतृत्व पाए पनि उसले क्षेत्रीय सुरक्षा खतराको सामना गर्नुपर्ने छ। तर, स्वदेशी कारणले नयाँ नेतृत्वलाई राहतको अनुभूति हुने छ किनकि केन्द्रीय बैंकले दशकौंदेखिको मौद्रिक सहजतालाई क्रमभंग गर्दै येनको मूल्य घटाएको छ। कान्डा युनिभर्सिटी अफ इन्टरनेसनल स्टडिजका लेक्चरर जेफरी जे हलले एएफपीसँग भने, 'बहस र प्रचारका क्रममा धेरै उम्मेदवारले अमेरिकी निर्वाचनबाट आउनसक्ने कडा नेतृत्व 'ट्रम्पलाई सम्हाल्नसक्ने म नै हुँ' वा 'म नै चीनको नयाँ आक्रमकताका विरुद्धमा उभिन सक्छु' भन्ने दाबी गरेका छन्।'

उनले अगाडि भने, 'यस्ता मुद्दाहरूप्रति तिनीहरूको दृष्टिकोणमा महत्त्वपूर्ण भिन्नताहरू छन् र नौ जनामध्ये कतिपय उम्मेदवारमा नेतृत्वमा आउनसक्ने झिनो आशा रहेको देखिए पनि कसैले एक छत्र समर्थन पाउने सम्भावना पनि छैन। एलडिपीको चुनाव धेरै वर्षयताकै सबैभन्दा अप्रत्याशित घटना हो।'

एलडिपीका अध्यक्षहरू तीन वर्षका लागि पदमा रहन्छन् र लगातार तीन कार्यकालसम्म सेवा गर्न सक्छन् तर आफ्नो कार्यकालमा अलोकप्रिय बनेका प्रधानमन्त्री फुमियो किशिदाले पुनःनिर्वाचनको दौडबाट बाहिरिएका छन्। सांसद र पार्टी कार्यकर्ताहरूबीच विभाजित गुटहरू विघटन भएपछि सीधा जितका लागि कुनै एक उम्मेदवारले पर्याप्त मत प्राप्त गर्ने सम्भावना कम छ। यसले दुई शीर्ष उम्मेदवारहरू बीचको प्रतिस्पर्धालाई सबैभन्दा सम्भावित परिदृश्य बनाउँछ। विजेताको घोषणा शुक्रबार दिउँसो हुने छ। सन् २०१२ मा जापानका सबैभन्दा लामो समयसम्म सत्तामा रहेका नेता शिन्जो आबेसँग पराजित भए पनि ६७ वर्षीय इशिबा यसअघि पनि सर्वोच्च पदको नजिक पुगेका थिए।

सन् १९७० को दशकको पप आइडलसँग आत्मीयता भएका सैन्य मोडेल मेकरले 'आबेको नेतृत्वमा एलडिपी नीतिहरूको मुखर आलोचना' गरेर पार्टीका भूतपूर्व सैनिकहरूलाई विमुख बनाएको टोकियो विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक यु उचियामाले बताए। यसपटक एलडिपीप्रति जनताको असन्तोष बढ्दै जाँदा इशिबा र उनको 'निष्पक्ष र वर्गाकार' मनोवृत्तिको पक्षमा ज्वारभाटा आएको छ,' उचियामाले एएफपीसँग भने।

'आर्थिक सुरक्षामन्त्री ६३ वर्षीय ताकाइची 'शीर्ष तीनमध्ये सबैभन्दा परम्परावादी उम्मेदवार भएका कारण उनलाई नारीवादीहरूले नरूचाउनु स्वाभाविक हो,' हलले भने। उनले विवाहित दम्पतीका लागि छुट्टै उपनाम राख्न पाउने कानुन परिवर्तनको विरोध गरेका छन्। उनले दक्षिण कोरिया र चीनसँगको युद्धको प्रभावितस्थल टोकियोको यासुकुनी नियमित भ्रमण गर्ने गर्छन्। यहाँबाट उनले राम्रो मत पाउने आशा राखेका छन्।

कोबे विश्वविद्यालयको ग्रेजुएट स्कुल अफ लकी प्राध्यापक नाओफुमी फुजिमुराले अहिलेका लागि एलडीपीका दक्षिणपन्थीहरूको समर्थन आवश्यक भए पनि प्रधानमन्त्रीका रूपमा ताकाइची 'बढी मध्यमार्गी वा बढी व्यावहारिक' हुनसक्ने बताए। यदि निर्वाचित भएमा पूर्ववातावरणमन्त्री कोइजुमी जापानका सबैभन्दा कान्छा प्रधानमन्त्री हुने छन् तर उनका पिता पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीलगायत आलोचकहरूले उनलाई जापानको नेतृत्व गर्न अनुभवहीन भएको बताएका छन्।

कोइजुमीले 'एलडिपीका लागि कायाकल्प र परिवर्तनको विचारलाई सबैभन्दा राम्रो व्यक्ति' को रूपमा आफ्नो उम्मेदवारीलाई व्याख्या गरेका छन् तर एलडिपी मतदाताहरूले उनीसँग 'परिपक्वता र स्थिरताको अभाव रहेको' सोच्न सक्छन्,' उचियामाले भने।

अन्य छ जना उम्मेदवारमा सुधारवादी ६१ वर्षीय तारो कोनो र व्यापार वार्तामा पूर्वअमेरिकी राष्ट्रपति ट्रम्पलाई विश्वासमा लिन सफल भएका तोशिमित्सु मोतेगी रहेका छन्। मन्त्रीमण्डलका मुख्यमन्त्री योशिमासा हयाशी र ५० वर्षभन्दा कम उमेरका ताकायुकी कोबायाशी पनि चुनावी मैदानमा छन्। शुक्रबार एलडिपीको निर्वाचनबाट विजयी हुने जो कोही पनि अक्टोबर १ मा संसद्बाट औपचारि करूपमा निर्वाचित (अनुमोदित) हुने छन्। एलडिपीले दशकौंदेखि जापानमा लगभग निर्वाधरूपमा शासन गर्दै आएको छ। मुख्य विपक्षी दलहरूलाई व्यावहारिक विकल्पको रूपमा विरलै हेरिएको छ।

आफ्नो कार्यकालमा किशिदाले जापानको रक्षा खर्च दोब्बर बनाउने कदम चालेका छन्। यसले सैन्य निर्यातको लागि ढोका खोलेको छ एलडिपीले जापानको युद्धपछिको शान्तिवादी संविधानलाई परिमार्जन गर्न खोजेको छ। उनले हिरोशिमामा भएको जी-७ शिखर सम्मेलनमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई स्वागत गरेका छन् र छिमेकी दक्षिण कोरियासँग जापानको अक्सर परीक्षणात्मक सम्बन्धलाई मजबुत बनाएका छन्। तर, भ्रष्टाचार घोटाला, बढ्दो मूल्यवृद्धिप्रति मतदाताको आक्रोश र घट्दो चुनावी रेटिङका कारण पनि उनको शासन धूमिल भएको थियो। *रासस/एएफपी*

अमेरिकी राष्ट्रपति चुनाव

# हचारिस र ट्रम्पबीच तीव्र प्रतिस्पर्धाको संकेत

■ **सोमनाथ लामिछाने**





**काठमाडौं–** महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका लागि आगामी नोभेम्बर ५ तारिखका दिन चुनाव हुँदै छ। अर्थात् चुनाव हुन ४२ दिनमात्र बाँकी छ तर राष्ट्रपतिका मुख्य दुई उम्मेदवारमध्ये कसले बाजी मार्छ भन्ने अझै यकीन भइनसकेको अमेरिकी चुनावी मत सर्वेक्षणहरूले देखाइरहेका छन्।

यसपटकको चुनावमा रिपब्लिकन पार्टीका तर्फबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीबाट वर्तमान उपराष्ट्रपति कमला हचारिस मुख्य प्रतिस्पर्धी रहेका छन्। दुवै उम्मेदवारले एकअर्काविरूद्ध तीक्ततापूर्ण गालीगलौज गरिरहेका भए पनि आमअमेरिकी नागरिकले भने उनीहरूले अघि सारेका आर्थिक, सामाजिक, राजनीतिकजस्ता घरेलु मामिलाका विषयसँगै विदेश नीतिका बारेमा उनीहरूका अडानलाई समीक्षा गरिरहेको बताइएको छ।

एकातिर अमेरिकाको सर्वोच्च नेतृत्वमा हचारिसको रूपमा पहिलो महिला र त्यो पनि एसियन-अफ्रिकन मूलकी महिलालाई चुन्ने अवसर प्राप्त भएको छ। हचारिसले चुनाव जिते यो अमेरिकी राजनीतिमा एउटा इतिहास नै बन्ने छ। तर हचारिसलाई चुनावमा सहज जित निकाल्न भने त्यति सहज छैन। सन् २०१६ मा भएको राष्ट्रपति चुनावमा त्यसबेला निकै लोकप्रिय उम्मेदवार हिलारी क्लिन्टन ट्रम्पसँगै पराजित भएकी थिइन्। अमेरिकी समाज चरम पितृसत्तात्मक र दक्षिणपन्थी-अनुदारवादी छ भन्ने त्यसबेला चर्चामा थियो। तर, यसपटक महिलालाई शीर्ष नेतृत्वमा स्थापित गराउन अमेरिकी समाज सहजै तयार होला ? अझै द्विविधा कायम रहेको धारणा चुनावी सर्वेक्षणले देखाएका छन्।

पछिल्लोपटक फाइभ थर्टी एटले सार्वजनिक गरेको विवरणमा हचारिसले ४८ प्रतिशत र ट्रम्पले ४६ प्रतिशत मत पाउने आकलन गरिएको छ। अर्थात् दुई उम्मेदवारबीच दुई प्रतिशतको मात्र अन्तर छ। गत सेप्टेम्बर १० मा पेन्सिलभेनियामा भएको बहसपछि कमला हचारिसले आफ्नो पक्ष निकै मजबुत् बनाएको मानिए पनि मतदाताले दुवै उम्मेदवारप्रति खासै धेरै खुलेर समर्थन गरेका छैनन्। राष्ट्रव्यापी मत सर्वेक्षणमा दुई उम्मेदवार अघिपछि देखिए पनि राष्ट्रपतिको चयन भने इलेक्टोरल कलेजका आधारमा हुने गर्दछ। पपुलर मत धेरै ल्याएर मात्र पुग्दैन।

अमेरिकी राष्ट्रपतिका लागि कूल ५३८ इलेक्टोरल कलेजमध्ये कम्तीमा २७० स्थान जित्नुपर्दछ। अमेरिकाका ५० वटा राज्यबाट जनसंख्याका आधारमा इलेक्टोरल कलेजको संख्या निर्धारण हुने गर्दछ। यही कारण धेरै जनसंख्या र इलेक्टोरल कलेज रहेका राज्यहरूमा दुवै उम्मेदवारले प्रचारका कार्यलाई तीव्र बनाएका छन्।

डेमोक्रेट वा रिपब्लिकनका परम्परागत समर्थक बढी भएका राज्यहरूको आधारमा दुवै उम्मेदवारबीच इलेक्टोरल कलेजको संख्या लगभग बराबर छ। तर, इलेक्टोरल कलेज संख्या ठूलो भएका केही राज्यको परिणाम कुन उम्मेदवारतर्फ सोझिएला भन्ने अनुमान गर्न कठिन भइरहेको छ। स्वीङ स्टेट वा ब्याटलग्राउन्ड स्टेट (जुनसुकै उम्मेदवारले जित्ने अनुमान गरिएका) नामले चिनिएका केही राज्यमा दुवै उम्मेदवारबीच कडा टक्कर रहेको सर्वेक्षणले देखाएका छन्।

यसपटक ब्याटलग्राउन्ड स्टेटका रूपमा चित्रित गरिएकामध्ये नेभादा (छ इलेक्टोरल कलेज भोट), पेन्सिलभेनिया (१९), विस्कन्सिन (१०) र मिसिगन (१५) राज्यमा हचारिस एक वा दुई प्रतिशत मतान्तरले अघि रहेको एबिसी न्युजको पछिल्लो सर्वेक्षणले देखाएको छ। उता, नर्थ क्यारोलिना (१६), एरिजोना (११) र जर्जिया (१६) मा डोनाल्ड ट्रम्प अत्यन्त झिनो मतान्तरले अघि रहेको देखाएको छ।

युगभ, आरएमजी रिसर्च, हार्ट रिसर्च, फ्लोरिडा युनिभर्सिटीसमेत अधिकांश मत सर्वेक्षणले डेमोक्रेट उम्मेदवार हचारिसले झिनो मतान्तरले चुनाव जित्ने अनुमान गरिरहेको समयमा पछिल्लोपटक दि न्युयोर्क टाइम्सले सार्वजनिक गरेको सर्वेक्षणले भने ट्रम्प एक प्रतिशत मतान्तरसहित राष्ट्रपतिमा विजयी हुने देखाएको छ।

'अमेरिका फर्स्ट,' 'मेक अमेरिका ग्रेट अगेन' को नारा लगाउँदै आएका ट्रम्पले पूर्वी क्षेत्रका तीन राज्य- पेन्सिलभेनिया, नर्थ क्यारोलिना र जर्जियामा विजयी भए राष्ट्रपति बन्नबाट उनलाई कसैले रोक्न नसक्ने अमेरिकी अखबार 'पोलिटिको'का वरिष्ठ स्तम्भकार जोनाथन मार्टिनले लेखेका छन्।

दुवै उम्मेदवारबीच व्यक्तिगत लाञ्छनायुक्त घोचपेच भए पनि आमरूपमा दुवै उम्मेदवारले केही जल्दाबल्दा विषयलाई सम्बोधन गर्न चाहेको देखिन्छ। खासगरी ट्रम्पले अमेरिकाभित्र बढ्दो आप्रवासनलाई निरुत्साहित गर्ने, अवैध आप्रवासीलाई उनीहरूकै देश फर्काउने, दक्षिणी सीमामा पर्खाल लगाउने, इन्धनको मूल्य घटाउने, विदेशी सामानमा कर बढाएर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बताइरहेका छन्। देशभित्र आप्रवासीको संख्या ठूलो मात्रामा बढ्नुमा डेमोक्रेट पार्टीको खराब नीति मुख्यरूपमा जिम्मेवार रहेको ट्रम्पको भनाइ छ। उनले इजरायल-प्यालेस्टाइनबीच जारी युद्ध तथा रुस-युक्रेन युद्धलाई तत्कालै समाधान गर्ने पटक-पटक दोहोऱ्याएका छन्।

राष्ट्रपतीय बहसका क्रममा डेमोक्रेटिक उम्मेदवार हचारिसले भने गाजामा जारी युद्ध रोक्न बाइडेन प्रशासनले भरमग्दुर प्रयास गरिरहेको तथा युक्रेनको स्वतन्त्रतालाई अक्षुण राख्न अमेरिकाले आर्थिक, सैनिक र राजनीतिक सहयोग जारी राख्ने बताएका छन्। यद्यपि, यी दुवै मामिलामा खासै प्रगति गर्न नसकेको भन्दै बाइडेन-हचारिस प्रशासनको आलोचना भइरहेको छ।

अर्कातर्फ, अमेरिकामा बढ्दो बेरोजगारी र मूल्यवृद्धि (मुद्रास्फीति) लाई नियन्त्रणमा ल्याउन दुवै उम्मेदवारबीच दबाब बढ्दो छ। अमेरिकी जनताले दुवै उम्मेदवारलाई यही प्रश्न गरेर हैरान बनाइरहेका छन् जसको अनौठा, अविश्वसनीय जवाफ सुनेर आमजनता र अमेरिकी बौद्धिक समुदाय नै अन्योलमा रहेको न्युजविकले लेखेको छ।

कमनवेल्थ फाउन्डेसनका प्रमुख कार्यकारी एन्ड्रु लेविसले न्युजविकमा लेखेका छन्, 'केही वर्षदेखि पेन्सिलभेनियामा जीवन धान्ने खर्च नियन्त्रण बाहिर पुगेको छ। हरेक सामग्रीको मूल्य तीव्र गतिमा बढेको छ। आफूले रोजेजस्तो घर किन्न सक्ने अवस्था छैन। तलब, ज्याला बढे पनि दैनिक जीवन गुजाराका लागि अत्यावश्यक खाद्यान्नसमेतका सामग्रीको मूल्य अकासिएको छ।'

हचारिसले भने पेन्सिलभेनियाका चुनावी सभाहरूमा सम्बोधन गर्दै इन्धनसमेतका वस्तुको मूल्यवृद्धिलाई नियन्त्रणमा ल्याउने र आमसर्वसाधारणको जीवनलाई सहज बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। तर, यी प्रतिबद्धतामा खासै विश्वस्त हुन सकिने अवस्था नदेखिएको लेविसको भनाइ छ। अर्थात् यही प्रवृत्ति अधिकांश राज्यहरूमा छ। यद्यपि, बढ्दो मुद्रास्फीतिलाई नियन्त्रणमा ल्याउन ट्रम्पलाई पनि फलामको चिउरा चपाएसरह रहेको लेविसको धारणा छ। केही वर्षदेखि अमेरिकी चुनाव वर्ग, क्षेत्र, लिंग, ल्याटिनो, आप्रवासनजस्ता अनेक मुद्दाबाट विभाजित हुन थालेकाले रैथाने अमेरिकीहरूको दृष्टिकोण र धारणाले चुनावी परिणामलाई प्रभावित तुल्याउन थालेको धेरैको बुझाइ छ।

*(विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा/रासस)*

# चीनद्वारा प्रशान्त महासागरमा अन्तरमहादेशीय क्षेप्यास्त्र प्रक्षेपण

**बेइजिङ–** चीनले बुधबार एउटा अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्रको परीक्षण प्रक्षेपण गरेको बताएको छ। यसलाई दशकौंमा पहिलोपटक यस्तो अभ्यासमा प्रशान्त महासागरमा प्रक्षेपण गरिएको थियो।

उक्त प्रक्षेपणले यस क्षेत्रका अन्य मुलुकहरूमा विरोध प्रदर्शन सुरु भएको छ। चीनको छिमेकी जापानले अग्रिम सूचना नदिइएको बताउँदै बेइजिङको सैन्य विस्तारबारे 'गम्भीर चिन्ता' व्यक्त गरेको छ।

बेइजिङले हालैका वर्षहरूमा आफ्नो आणविक विकासलाई तीव्र पार्दै रक्षा खर्च बढाएको छ। चीनले संयुक्त राज्य अमेरिकाले अनुमान गरेकोभन्दा तीव्र गतिमा आफ्नो शस्त्र भण्डार विकास गरिरहेको भन्दै पेन्टागनले गत अक्टोबरमा चेतावनी दिएको थियो। सन् २०२३ सम्म चीनसँग ५०० भन्दा बढी सञ्चालनमा रहेका आणविक हतियार रहेको र सन् २०३० सम्ममा एक हजारभन्दा बढी हुने सम्भावना रहेको पेन्टागनले बताएको छ।

चिनियाँ रक्षा मन्त्रालयले विज्ञप्तिमा भनेको छ, 'बुधबार चिनियाँ सेनाको रकेट फोर्सले सेप्टेम्बर २५ को बिहान ८:४४ बजे प्रशान्त महासागरको उच्च समुद्रमा एउटा नक्कली वारहेड बोकेको आइसिबिएम प्रक्षेपण गऱ्यो र क्षेप्यास्त्र अपेक्षित समुद्री क्षेत्रमा खस्यो।'

यस्ता परीक्षणहरू धेरै दुर्लभ रहेको एक विश्लेषकले बताएका छन्। 'यो अन्यन्तै असामान्य छ र सम्भवतः दशकौंमा हामीले पहिलोपटक यस्तो परीक्षण देखेका छौं,' कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसका स्टान्टन सिनियर फेलो अंकित पाण्डाले भने, 'यो परीक्षण सम्भवतः चीनको जारी आणविक आधुनिकीकरणलाई दर्शाउँछ जसले परीक्षणका लागि नयाँ आवश्यकताहरू सिर्जना गरेको छ।' *रासस/एएफपी*

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०४०० | प्रति तोला - ० | प्रति तोला - १९५५ |



**मनाङको बन्दा** | समुद्री सतहदेखि तीन हजार ५४० मिटर उचाइमा रहेको मनाङ डिस्याङ गाउँपालिका–६ मनाङ गाउँको बारीमा फलेका बन्दागोभी । जलवायु परिवर्तनसँगै मनाङका माथिल्लो भेगमा तरकारीखेती उत्पादन वृद्धि हुन थालेको छ ।

*तस्बिरः नवीन लामिछाने/रासस*

# आर्थिक वृद्धिका लागि यातायात पूर्वाधार अत्यावश्यक : *अर्थमन्त्री*

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री अवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउनका लागि यातायात पूर्वाधार अत्यावश्यक रहेको बताएका छन् ।

चीनको राजधानी बेइजिङमा आयोजित ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरमलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले दिगो एवं भरपर्दो यातायात प्रणालीको विकास र उपयोगप्रति नेपालको दरिलो प्रतिबद्धता रहेको र यस क्षेत्रमा नेपालले काम गरिरहेको बताएका हुन् । नेपालको भौगोलिक अवस्था अनुसार सडक सञ्जालको अतिरिक्त रेलमार्ग, हवाइयातायात तथा आधुनिक पोडवेको महत्त्व रहेको उल्लेख गर्दै उनले दिगो यातायात पूर्वाधार विकासका लागि स्वदेशी तथा वैदेशिक लगानी विस्तार गर्ने आवश्यक रहेको धारणा व्यक्त गरे ।



यातायात पूर्वाधार विकासबाट आमनागरिकको जीवनयापन र आवागमनमा सहजता पुग्ने मात्र नभई नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रतिस्पर्धी बन्दै जाने, स्वदेशी उत्पादनले मुलुकभित्र तथा अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच प्राप्त गर्ने अर्थमन्त्री पौडेलको भनाइ छ ।

उनले व्यवस्थित शहरीकरण तथा बस्ती विकाससहित सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नमा पनि योगदान पुग्ने विचार व्यक्त गरे । अर्थमन्त्री पौडेलले वातावरणमैत्री एवं दिगो यातायातका लागि विद्युतीय सवारीसाधनको प्रयोग विस्तार गर्ने नेपालको नीति रहेको जानकारी गराए । यसका लागि विद्युतीय सवारीको आयातमा राजस्व सहुलियतसहित यस सम्बन्धी पूर्वाधार निर्माणका कार्य अगाडि बढाइएको, मुलुकभित्रै विद्युतीय सवारीसाधनको उत्पादनका लागि अन्तर्राष्ट्रिय प्रविधि तथा लगानी आकर्षित गर्ने उनको भनाइ छ ।

बुधबारदेखि सुरु भएको ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरमको कार्यक्रममा नेपाल लगायत विभिन्न देशका उच्च राजनीतिक तहका प्रतिनिधिमण्डलको सहभागिता छ । नेपालको तर्फबाट अर्थमन्त्री पौडेलसहित चीनका लागि नेपालका कार्यबाहक राजदूत सुरेन्द्र यादव, अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता महेश भट्टराई लगायतका अधिकारीहरू सहभागी छन् ।

# ‘जलविद्युत्मार्फत विपन्नलाई सम्पन्न बनाउन सरकार लागेको छ’

■ प्रभाव संवाददाता

**रसुवा–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत्मार्फत गरिब र विपन्न वर्गलाई धनी बनाउन सरकार लागिरहेको बताएका छन् ।

रसुवा जिल्लामा निर्माणाधीन र निर्माण सम्पन्न भएका जलविद्युत् आयोजनाको निरीक्षणका क्रममा स्याफ्रुबेँसीमा आयोजित नेपाली कांग्रेसका कार्यकर्ता तथा जनप्रतिनिधिसँगको भेटमा उहाँले गरिब र विपन्न वर्गलाई जलविद्युत्को शेयर सुनिश्चित गर्न सरकार लागिरहेको बताए ।

‘स्थानीयवासीका लागि १० प्रतिशत शेयर भनिएको छ, उक्त शेयरमा गरिब तथा विपन्न वर्गको पहुँच अहिलेसम्म पुग्न सकेको छैन, उनीहरूलाई शेयरमा पहुँच पुर्‍याएर जीवनस्तर उकास्नका लागि सरकारले काम गर्छ,’ उनले भने । रसुवा जिल्लामा मङ्गलबार र बुधबार भएको स्थलगत निरीक्षणका क्रममा मन्त्री खड्काले चालु रहेको ६० मेगावाट माथिल्लो त्रिशूली वान, २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् केन्द्र तथा निर्माण सम्पन्न भई राष्ट्रिय प्रसारण लाइनको अभावमा संरचना तयार भई उत्पादन बाँकी रहेको एक सय ११ मेगावाट रसुवागढी र ४२ दशमलव पाँच मेगावाट साञ्जेन जलविद्युत् आयोजना तथा निर्माणाधीन २१६ मेगावाट अपर त्रिशूली-१ जलविद्युत् आयोजनाको स्थलगत निरीक्षण गरेका थिए ।

निरीक्षणमा रसुवा आइपुग्नुभएका मन्त्री खड्कालाई चिलिमे जलविद्युत् केन्द्रमा कार्यरत कर्मचारीले कर्मचारीहरूको समस्याका बारेमा जानकारी गराएका थिए । यस्तै, पार्टीका नेता तथा कार्यकर्ता र जनप्रतिनिधिले रसुवाको ऊर्जा विकासमा भएका समस्या, सिँचाइका समस्या र भूक्षयको समस्याका बारेमा मन्त्रीलाई जानकारी गराएका थिए ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य एवं रसुवाका प्रतिनिधिसभा सदस्य इन्जिनियर मोहन आचार्यले जलविद्युत्को प्रचुर सम्भावना बोकेको रसुवामा रहेका जलविद्युत् केन्द्रको उचित प्रयोग गरी रसुवावासी जनतालाई लाभ दिन सरकारले सहयोग गर्नुपर्ने बताए । उनले रसुवाका स्रोत र साधनमार्फत समृद्ध रसुवा निर्माण गर्न कांग्रेसको सधैँ साथ र सहयोग रहेको बताए । कांग्रेस रसुवाका सभापति पेम्बाछिरिङ तामाङले रसुवाको विकासका लागि सबै एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । मन्त्री खड्कासँगै जलविद्युत् केन्द्रको अवलोकन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसमेत रसुवा आएका छन् ।

# उपत्यकाबाहिरबाट पनि अन्तर्राष्ट्रिय टिकट पाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले विराटनगर, पोखरा र नेपालगञ्जबाट पनि अन्तर्राष्ट्रिय उडानका टिकट बिक्री गर्ने भएको छ । निगमले नजिकिएको बडादसैं, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा यात्रुको सहजताका लागि ती स्थानबाट टिकट बिक्रीको व्यवस्था मिलाएको हो । निगमले अन्तर्राष्ट्रिय उडानका लागि काठमाडौं बाहिर भैरहवास्थित निगमको कार्यालयबाट मात्र टिकट बिक्री गर्दै आइरहेको थियो ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार चाडपर्वपश्चात् पनि विराटनगर, पोखरा र नेपालगञ्ज कार्यालयबाट टिकट वितरण गर्नेगरी व्यवस्था मिलाउनेछ । उक्त व्यवस्थापनका लागि निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले सम्बन्धित विभागीय प्रमुखलाई निर्देशन दिएका छन् । ‘आगामी बडादसैं, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा र सो पश्चात् समेत निरन्तर रहने गरी नेपाल वायुसेवा निगमका उडानहरूबाट यात्रा गर्न सहज रूपमा टिकट प्राप्त होस् भनी निगमका विराटनगर, पोखरा र नेपालगञ्ज स्थित कार्यालयहरूबाट बिक्री गर्ने व्यवस्था मिलाउन र यसलाई प्रभावकारी रूपमा लागू गर्न निर्देशन दिइएको छ’ विज्ञप्तिमा भनिएको छ ।

साथै, यात्रुहरूले आफ्नो मोबाइलबाट वा निगमको ‘वेब-साइट’बाट ‘अनलाइन टिकट’लिन सकिने व्यवस्था रहेकामा स्थानीय ठाउँबाट समेत सेवा दिँदा सेवाग्राहीले अझ प्रभावकारी ढङ्गले टिकेटिङको सेवा लिने निगमको विश्वास छ ।

# महिला उद्यमीका लागि मुक्तिनाथ बैंकको वित्तीय साक्षरता कार्यक्रम



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकद्वारा वित्तीय साक्षारता कार्यक्रम सम्पन्न गरेको छ । नेपाल महिला उद्यमी महासंघको २१ औं वार्षिक साधारण सभाको अवसरमा सोही संस्थामा आवद्ध महिला उद्यमीहरूको लागि वित्तीय साक्षारता कार्यक्रम बैंकले सञ्चालन गरेको हो ।

उक्त कार्यक्रममा बैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत समीर शेखर बज्राचार्य र मार्केटिङ विभागका प्रमुख विनयरत्न शाक्यले सहजीकरण गरेका थिए । उक्त कार्यक्रममा महिला उद्यमीहरूले बैंकिङ कारोबार र सेवा सुविधा सम्बन्धी राख्नु भएको विभिन्न जिज्ञासाहरूलाई बैंकको तर्फबाट स्पष्ट समेत पारिएको थियो ।

महासंघका अध्यक्ष शोभा ज्ञवालीले उक्त कार्यक्रमबाट महिला उद्यमीहरूलाई बैंकिङ कारोबार गर्न प्रोत्साहन मिल्नुको साथै, बैंकको सेवा सुविधा बारे जानकारी भएको र सहभागीहरूको जिज्ञासाहरूलाई स्पष्ट भएकोले आगामी दिनमा बैंकबाट कर्जा उपयोग गर्न सहज हुने बताएका थिए । उक्त कार्यक्रममा महासघको तर्फबाट १५० जना महिला उद्यमीहरू सहभागी भएका थिए । यससँगै बैंकले ‘नेपालमै टिक्न, सजिलो छ’ भन्ने मान्यता राख्दै साना तथा मझौला व्यापार-व्यवसायहरूलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जाहरू ल्याएको छ ।

# २७० मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिन्धुपाल्चोक र रसुवामा सञ्चालित विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन भएको दुई सय ७० दशमलव तीन मेगावाट विद्युत् एक महिनाभित्र राष्ट्रिय ग्रिडमा जोडिने भएको छ ।

लामो समयदेखि विवाद रहँदै आएको सिन्धुपाल्चोकको मध्य भोटेकोशी जलविद्युत् आयोजनाको एक सय दुई मेगावाट तथा रसुवाको रसुवागढी जलविद्युत् आयोजनाको उत्पादित एक सय ११ मेगावाट, माथिल्लो साञ्जेनको १४ दशमलव आठ मेगावाट र साञ्जेन जलविद्युत् आयोजनाको ४२ दशमव पाँच मेगावाट विद्युत् एक महिनाभित्र राष्ट्रिय प्रसारण लाइनमा जडान गर्न लागिएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले रसुवाका विभिन्न जलविद्युत् आयोजना, प्रसारण लाइन तथा सवस्टेशनको स्थलगत निरीक्षण गर्दै निर्माण ढिला हुँदा दैनिक करोडौं बराबरको नोक्सानी भएकाले तीव्र गतिमा निर्माण सम्पन्न गर्न निर्देशनसमेत दिए ।

रसुवा र नुवाकोटका विभिन्न आयोजनाबाट उत्पादित विद्युत् त्रिशूली थ्रीबी हब २२०/१३२/३३ केभी (३२० एमभिए) क्षमताको सवस्टेशनबाट उक्त जलविद्युत् काठमाडौंको मातातीर्थ सवस्टेशनमा पुर्‍याइनेछ ।

चिलिमेदेखि त्रिशूली हबसम्मको २८ किलोमिटरको प्रसारण लाइनमध्ये २० किलोमिटरको डबल सर्किट लाइन (५१ वटा टावर) र आठ किलोमिटरको चार सर्किट लाइन (२४ वटा टावर) छन् । चार सर्किट लाइन रहेको आठ किलोमिटर टावरमा निर्माणाधीन अपर त्रिशूली एक (२१६ मेगावाट)बाट उत्पादन हुने विद्युत्लाई त्रिशूली थ्री बी हबसम्म जोडी राष्ट्रिय प्रसारण ग्रीडमा विद्युत् प्रवाह गरिनेछ ।

प्रसारण लाइनका लागि आवश्यक ७५ वटै टावरको फाउण्डेसन निर्माण भए तापनि हाल त्रिशुली थ्रि वी हवको छेउमा (६०० मिटर), मैलुङबेंसी (१२३५ मिटर) र हाकु (१४०० मिटर) मा तार तान्ने काम भइरहेको छ ।

मन्त्री खड्काले आवश्यक जनशक्ति थप गरेर भए पनि प्रसारण लाइन निर्माणलाई दुई हप्ताभित्र सम्पन्न गरी सम्बन्धित जलविद्युत् आयोजनाको टेस्टिङ कमिसनिङसमेत सम्पन्न गर्न निर्देशन दिए ।

चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ